# परिच्छेद : एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

मानव विकासको सुरुवात संगसंगै शिक्षाको पनि सुरुवात भएको हो । शिक्षा सँगसगै सिकाइको पनि सुरुभएको हो (शर्मा एण्ड शर्मा २०५८) । मानव सभ्यताको विकासक्रम संगै विभिन्न कालखण्डमा तथा क्षेत्रमा शिक्षाको स्वरुप परिवर्तन हुदै आयो । लामो समयसम्म शिक्षामा गुरुकुल ऋषिकुल, देवकुल र पित्तृकुल आदि विशेष गरी पुरानो परम्पराबाट शिक्षामा सुधार गरीनुपर्छ भनेर सन् १५१७ मा मार्थिन लुथरबाट शंखघोस गरेपछि शिक्षामा आधुनिक युगको शुरु भएको पाइन्छ (अधिकारी, २०६०) । यसरी अनौपचारिक तरिकाबाट वर्तमान समयमा विकास भई मानिसको वृद्धि र विकासको क्रमसंगै तहगत संरचनात्मक निर्धारण गरी शैक्षिक विकासको कार्य अगाडि वढेको छ । वर्तमान समयमा शिक्षाको तीव्र विकास तथा प्रतिस्पर्धाको साथै यस धर्तीमा जन्मेको एउटै सिक्काको दुई पाटाको रुपमा लिइएको महिला र पुरूष बीचको शैक्षिक अवस्थाको खाडल भने विशेसगरी विकासोन्मुख देशहरूमा झन गहिरो रुपमा हुदै आएको छ ( शर्मा एण्ड शर्मा २०६३) ।

सामान्यरुपमा वैदिक शिक्षाबाट अग्रणी रुपमा रहदै गएको शिक्षामा महिलाको सहभागितामा मध्यकालिन समय देखि नेपालको सन्दर्भमा महिलाहरू पुरूषको तुलनामा निकै पछि र ओझेलमा परेको पाइन्छ । यस्तो वढी निरक्षर भएको देशमा विकासको कार्यपनि निकै नै पछि परेको कुरालाई मध्यनजर गरी नेपालमा भारतीय महिला गंगाबाइको प्रेरणाबाट प्रभावित भई वीर सम्शेरको पालामा ठमेलमा आफू स्वयमद्वारा आधार शिक्षा शुरु गरीन् र महिला शिक्षाको सुरुवातको जग हाल्ने प्रेरणा प्रदान गरेकी थिइन, जुन नेपालको औपचारिक रुपमा महिला शिक्षाको सुरुवात हो (बस्नेत, २०६२) । विशेष गरी औपचारिक शिक्षा प्रणालीमा राणाकालिन समयबाट सुरु भएको पाइन्छ भने महिलालाई शिक्षामा सहभागिता वढाउनको लागि चन्द्रशम्शेरले वि.स. १९७५मा त्रिचन्द्र कलेजको रुथापना गरेको पाइन्छ । यसै कलेजमा पनि विशेष गरी महिलाको सहभागितामा जोड दिइँदै पनि राणाकालको अन्त्य समयमा जम्मा ४ जना

छात्राले भर्ना लिएको पाइन्छ भने चन्द्रसम्शेरको पाला मै काठमाण्डौको ढोकाटोलमा एउटा कन्या पाठशालाको स्थापना वि.स. १९८० मा गरी महिला शिक्षा तथा शिक्षामा महिलाहरूलाई सहभागिता गराई अगाडि वढाउने प्रयास गरेको पाइन्छ । महिला शिक्षालाई निरन्तरता प्रदान गर्ने कार्य पद्म सम्शेरले वि.स. २००४ सालमा पद्‌मकन्या विद्याश्रमको पनि स्थापना गरे यसबाट महिलाको शिक्षामा सहभागिता बढाउन विशेष ध्यान दिएको पाइन्छ तापनि महिला शिक्षाको तिव्र विकास लिएको पाइन्दैन (बस्नेत, २०६२) ।

समय सापेक्ष शिक्षाको विकासको क्रमसंगै औपचारिक रुपमा वि.स. १९९० मा दरवार हाई स्कुल सुरुभई शिक्षाको व्यवस्थापनमा नेपालमा शिक्षाको इतिहासबाट कानुनी आधारबाट अगाडि वढ्यो। शिक्षा कानुनी प्रकृयाबाट सुरुवात भएपछि वि.स.२०११ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदनबाट शिक्षाको गुणस्तर वढाउनको लागि प्राथमिक शिक्षा देशव्यापी, सर्वसुलभ र निःशुल्क बनाई जनसमुदायलाई न्युनतम शिक्षा दिलाउन जोड दिइयो र माध्यमिक शिक्षालाई पनि क्रमशः प्राथमिकता दिदै लाने यस कार्यक्रमलाई अगाडि बढाउनको लागि हजारौ शिक्षक आवश्यक परेको वेला आफ्नो मुलुकलाई अगि सार्ने महिलाहरूको महसुस गरी एक महान एवम उच्च पेशाको रुपमा रहेको शिक्षण कार्यको विकास र तालिमद्वारा अगाडि वढाउनको निमित्व महिला शिक्षकको आवश्यकता भएको महसुस गरीयो (काफ्ले, २०६१) ।

नेपालमा सर्वप्रथम शिक्षा परियोजनाको रुपमा वि.स. २०२६ सालमा युनेस्कोको आर्थिक सहयोगमा “महिलाहरूको निम्ति शिक्षामा समान अवसर” कार्यक्रम शिक्षा मन्त्रालयले गरेको पाइन्छ । यसको मुख्य उद्देश्य गाउँघरका महिलालाई शिक्षण पेशामा ल्याउन उन्मुख गराउने, नजिकको विद्यालयमा महिला शिक्षकलाई शिक्षण गराउने, समाजको परिर्वतनको वाहकको रुपमा भूमिका निर्वाहगराउन सक्षम वनाउने साथै महिलालाई शिक्षा प्रति सकारात्मक भावनाको विकास गराउने रहेको पाइन्छ । उक्त उद्देश्य प्राप्त गर्ने परियोजनाले शिक्षक प्रशिक्षण कार्यक्रम, शैक्षिक स्तरवृद्धि, स्थानीय विद्यालय छात्रवृत्ति, विद्यालय नजाने छात्रको लागि आंसिक प्राथमिक शिक्षा, आर्थिक सहुलियत जस्ता कार्यक्रम सञ्चालन गरेको पाइन्छ (पौडेल, २०५९) ।

महिला विकास तथा शिक्षाको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा भएको विविध कार्यक्रमहरूको साथै नेपालमा पनि युनिसेफले ल्याएको परियोजनाबाट पहिलाहरूको निम्ति शिक्षामा समान अवसर कार्यक्रमको उद्देश्यका आधारमा शिक्षक प्रशिक्षण कार्यक्रम (महिला शिक्षकलाई शिक्षक वनाउने कार्यक्रम)का लागि वि.स. २०२८ सालमा (पोखरा) कास्की, वि.स. २०३० सालमा धनकुटा, वि.स. २०३३ सालमा नेपालगञ्जमा र वि.स. २०३६ सालमा जुम्ला जिल्लामा उक्त परियोजना सञ्चालन भएको पाइन्छ । यस कार्यक्रममा एस.एल.सी. पास गरेका लाई 'ए' लेभल तालिम फेल गरेकालाई 'बि' लेभलको तालिम चलाएको थियो भने यो कार्यक्रम दुर्गम क्षेत्रका लागि छात्रा कोटाको व्यवस्था गरी कक्षा १० सम्म विद्यालयमा अध्ययन गरी एक वर्षको 'वि' लेभलको तालिम उपलब्ध गराएको थियो । यस कार्यक्रमलाई "शैक्षिक स्तरवृद्धि कार्यक्रम" भनियो । यो तालिम लिनका लागि शिक्षा शास्त्र संकाय क्याम्पसको महिला छात्रवासमा बस्ने छात्राहरूलाई छात्रवृत्ति, पोशाक, औषधी उपचार पाठ्यपुस्तक आदिको व्यवस्था युनिसेफले गरेको पाइन्छ । यस्तो महिला शिक्षा परियोजनालाई वि.स. २०३६ सालमा परिवर्तनगरी "नेपालमा महिला तथा केटीको शिक्षा" वनाएको पाइन्छ । यसरी वि.स. २०४० सालमा नेपालमा महिला शिक्षा योजनाको कार्यलय शिक्षा तथा संकृति मन्त्रालयमा सरी समन्वयकर्ताको व्यवस्था गरी सोही समयदेखि परियोजनाको सम्पूर्ण कार्यक्रमको सबै खर्च युनिसेफ र नेपाल सरकारबाट वेहोरिने व्यवस्था भएको पाइन्छ । यस परियोजनाले पिछडिएको पहिला चेलिवेटीका लागि शिक्षा कार्यक्रम संचालन गरेको पाइन्छ । यसरी शिक्षा सम्बन्धी विभिन्न कार्यक्रमहरू संचालन गर्दा गर्दै पनि महिला सहभागिता (महिला शिक्षक) तथा छात्रा भर्ना प्रतिशत भने त्यति प्रभावकारी हुन सकेको पाइदैन (बस्नेत, २०६२) ।

समय सापेक्ष महिलालाई पुरूषको सहयोगी रुपमा लिदै सामाजिक व्यवस्थामा एउटै रथका दुई पाङ्ग्राका रुपमा परिभाषित गरीए तापनि महिलाको हैसियतलाई निकै कम महत्व दिने परिपाटी आएको छ । महिलाको अवस्था तुलनात्मक रुपमा परम्परागत भूमिकाबाट परिवर्तन हुदै आएता पनि आर्थिक सामाजिक, शैक्षिक साँस्कृतिक तथा राजनैतिक क्षेत्रबाट भूमिका प्राप्त गर्ने अवसर पुरूष भन्दा तुलनात्मक रुपमा पछाडिनै रहेको अवस्था छ । यस्तो महिला स्थिति सुधार्ने सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय आन्दोलन तथा सम्मेलन र विविध प्रयासका

फलस्वरुप शिक्षा स्वास्थ्य, रोजगारी, सामाजिक, आर्थिक, शैक्षिक तथा राजनैतिक पक्षमा केही मात्राका महिला सहभागिता वढेको देखिए पनि लैङगिक असमानताको स्थिति दक्षिण एसियामा सवैभन्दा वढी असमानता नेपालमानै रहेको अवस्था पाइन्छ । यसैको प्रभावले शेक्षिक क्षेत्रमा आशातित मात्रामा उपलब्धि हुन नसकेको अवस्था पाइन्छ (लैङगिक समविकास योजना, २०६३)।

इ.स. १९६० को दशकमा सवै महिला तथा पुरूषको आधारभुत आवश्यकताको परिपुर्ति तथा गरीवी निवारणको सैद्धान्तिक अवधारणाको विकास भएबाट नीति नियमको विकास गरीए अनुरुप हरेक निर्णय प्रक्रियामा महिलाको संलग्नता अनिवार्य हुनुपर्ने सैद्धान्तिक विकास भएको पाइन्छ । यसै अनुरुप "महिलामुद्धा" लाई सार्वजनिक गर्ने तथा समग्र देखिएको समस्यालाई विश्लेषण गर्ने उद्देश्य अनुरुप इ.स. १९७५ लाई "महिलावर्ष" को घोषणा गरेको पाइन्छ । साथै संयुक्तराष्ट्र संघले इ.स. १९७५-१९८५ लाई "महिला दशकवर्ष" को रुपमा विश्लेषण गरी महिलाको विषयलाई विशेष महत्वका साथ जोड दिई हालसम्म चार ओटा विश्व महिला सम्मेलनहरू सम्पन्न भइसकेको पाइन्छ । जुन इ.स. १९७५ मा मेक्सिको सहर इ.स. १९८० मा कोपन हेगन इ.स. १९८५ मा केन्याको नैरोवी र इ.स. १९५५ मा चीनको राजधानी वेइजिङमा अन्तराष्ट्रिय सम्मेलनहरू भइसकेको पाइन्छ विभिन्न समयमा पहिला सम्वन्धि पारित गरेका प्रतिबद्धता अनुसार महिला तथा पुरूष बीच हुन सकेको छैन । महिला र पुरूषलाई समान सहभागिता गराउन विभिन्न महिला सम्मेलनहरूले प्रयास गर्ने प्रोत्साहन गरेको पाइन्छ (काफ्ले र साथीहरु, २०६५) ।

विगत देखि वर्तमानसम्म नजर लगाउँदा नारीहरू घर भित्रै जकडिएको महसुस गर्न सकिन्छ । शिक्षा, रोजगारी र न्याय लगायत हरेक क्षेत्रमा नारीको समान सहभागिता र हक पाउनको लागि लिङगीय विभेदलाई अन्त्य गर्ने प्रयास चासोका साथ भूमिका खेल्नुपर्ने नाराहरू छरपष्ट रुपमा देखापर्ने थालेको पाइन्छ । इ.स. १९४५ मा नारी हक हिराको समानताका वारेमा संयुक्तराष्ट्र संघीय वडा पत्रमा पारित भएको र त्यस लगतै इ.स. १९४६ मा "महिलाको स्थिति" सम्बन्धी आयोग तय भई इ.स. १९४९ मा देह व्यापार सम्वन्धी वेश्यावृत्ति सम्वन्धी पारित भयो भने १९६० मा महिला पुरूषवारे वरावरी ज्याला महासन्धि पारित भएको ९ बर्ष पछि इ.स. १९६० मा लैङ्गिक असमानताको बारेमा सचेत गराएको वर्षको रुपमा इ.स. १९६० मा संयुक्तराष्ट्र

संघको महाधिवेशनले विवाह दर्ता सम्वन्धी महारन्धी पारित गरेको पाइन्छ । इ.स. १९६७ मा महिला माथिको भेदभाव उन्मुलन र त्यसको ८ वर्षपछि इ.स. १९७५ मा अन्तराष्ट्रिय नारी वर्षको रुपमा लिई १० वर्षलाई “महिला दशक” को रुपमा लिइयो । यस दशकमा जोडदारका साथ धेरै कार्यक्रममा सेमिनार गोष्ठी तथा कार्यशाला जस्ता कार्यक्रमहरू संचालन भएको पाइन्छ । इ.स. १९९० मा “नारीको समान हक” भन्ने नारा अगाडि ल्यायो र इ.स. २००० मा न्यूयोर्कमा महिला सम्वन्धी विशेष महासभा आयोजना हुनुले अन्तराष्ट्रिय जगतमा महिला शसत्तिकरण र लैङिगक समानताको अभियानमा विश्वको एउटै मात्र महत्वपूर्ण आवाजको रुपमा लिइन्छ (रेग्मी, २०६१) ।

आठौं पञ्चवर्षीय योजना (वि.स. २०४९-२०५४) ले शिक्षामा महिला सहभागितालाई बढाउनको लागि विद्यालय तहमा महिला शिक्षालाई नियुत्तिमा प्राथमिकता दिने नीति अगाडि वढायो र प्राथमिक तहमा कम्तिमा एक जना महिला शिक्षक अनिवार्य नियुत्ति गर्न थालिएको छ साथै माध्यमिक तहमा पनि महिला शिक्षकलाई प्राथमिकता दिदै लैजाने कुरामा जोड दिइयो र यस पञ्चवर्षीय योजनाले लैङिगक समानता कायम गर्न छात्राको लगि छात्रवृत्ति प्रदान गरी ५०% महिला सहभागिता पुऱ्याउने लक्ष्य राखेको थियो तर विभिन्न कारणले गर्दा २६% सहभागिता रहेको पाइन्छ । साथै दशौ पञ्चवर्षीय योजना (२०५९-०६४) मा दिगो आर्थिक वृद्धि र गरीवी निवारणका लक्ष्यहरू हाँसिल गर्न महिला विरुद्ध सवै किसिमका भेदभाव उन्मुलन गर्दै महिला विकासको परिसुचकमा अभिवृद्धि गरी महिला अधिकारको आधारमा समानतामुलक समाज निर्माण गर्ने मूख्य उद्देश्य रहेको छ (योजना आयोग, २०६०) ।

सहस्राब्दी विकासको लक्ष्य (वि.स. १९९०-२०२५) कार्यक्रमले नेपालको लागि प्राथमिक शिक्षामा विद्यालयका पूर्व शिक्षा हासिलगर्ने सुनिश्चित गर्ने तथा इ.स. २०१५ सम्ममा शिक्षाको सवै तहमा लैङिगक समानता प्रदर्शन तथा महिला सशक्तिकरणमा जोड दिई लैङिगक विभेदलाई उन्मुलन गर्ने नीति लिएको पाइन्छ (काफ्ले, २०६१) ।

विश्व शिक्षा मञ्चले पहिलो जोमटिङ्ग सम्मेलन इ.स. १९९० ले सवैका लागि शिक्षा घोषणा गरी सेनेगलको दोस्रो सम्मेलनबाट मानव अधिकार, बाल अधिकारको प्रतिवद्धता जाहेर गरी विशेष गरी आधारभुत शिक्षा लाई जोड दिएको पाइन्छ । यसबाट नेपालमा रहेको न्यून साक्षरता तथा न्यून महिला सहभागिताको कारण शिक्षाको जगको रुपमा रहेको प्राथमिक शिक्षा र त्यस भन्दा माथिको माध्यमिक शिक्षाका वालवालिका यी दुवैको उज्वल भविश्यको लागि महत्वपूर्ण जिम्मेवारी लिएको पाइन्छ । त्यसको लागि सवैको लागि शिक्षाको रणनीतिहरू १६ वटा मध्ये २ नम्वरमा शिक्षामा वालिकाको पहुँच र निरन्तरता सुनिश्चतता गर्नको लागि लैङिगक समानता, सुचना व्यवस्थाको आधारमा कायम गर्ने स्थानीय तह सम्म प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति लिएको छ । रणनीतिको १० नम्वरको कार्यक्रममा महिला शिक्षक सहभागिता वृद्धि गर्नेको लागि कार्यक्रमहरू तयार गरेको पाइन्छ । ती कायक्रमहरूमा महिला शिक्षक भए तथा नभएको विद्यालयको अभिलेख राख्ने महिला शिक्षकको लागि छुट्याएको पदमा महिला उम्मेरद्धारको मात्र प्रतियोगिता गराउने, खाली रहेको स्थानमा महिला शिक्षकको व्यवस्था गर्ने मा.वि. तथा नि.मा.वि. तहमा विषय शिक्षक व्यवस्था गर्न महिला स्वयमसेवक परिचालन गर्ने संस्थाहरू संग समन्वय गर्ने तथा शिक्षक वन्न योग्यता पुगेको स्थानीय महिलाको तथ्याङ्क अध्यावधिक गरी छलफल तथा अन्तरक्रियाको माध्यमबाट उनीहरूलाई शिक्षण पेशामा अभिप्रेरित गरेको छ । साथै घरबाट टाढाका विद्यालयमा नियुक्त भएका महिला शिक्षकको लागि सुरक्षित आवासको व्यवस्था मिलाउने, महिला शिक्षक तयारी कक्षाको व्यवस्था गर्ने भविश्यमा महिला शिक्षक वन्नका लागि शिक्षक वृत्ति विकास कार्यक्रमहरू संचालन गरीनेछ (लैङिगक समविकासका लागि बालिका शिक्षाको रणनीति र कार्यान्वयन, २०६३) ।

नेपालमा महिला शिक्षाको शंखदान गर्नको लागि कन्या पाठशालाको रुपमा श्रीमति चन्द्रकान्त मल्लको साहसी कार्यले वि.स. २०२७ सालमा ०.७% महिला साक्षरता रहेको पाइन्छ (शर्मा, २०६०) । यो प्रतिशत वि.स. २०२८ सालमा ३.९% रहन गयो । यसरी हुदै आएर वि.स. २०५८ सालमा महिला साक्षरता ४२% रहन पुगेको छ । साक्षर आमा नयाँ शिक्षित महिलाको वृद्धिको साथै विद्यालय शिक्षाको प्राथमिक र माध्यमिक तहमा छात्राहरूको सङख्यामापनि क्रमिक रुपमा वृद्धि हुँदै गएको पाइन्छ । यसलाई अझै प्रभावकारी रुपमा वृद्धि गराउन प्राथमिक शिक्षाको

गुणस्तर वढाउनको लागि सरकारले शिक्षा बजेटको करिव ६०% को हाराहारीमा लगानी गरी आधारभुत साक्षरता हाँसिल गर्ने अधिकतम सहभागिता गराउन तथा शैक्षिक उपलब्धिलाई वढाउनको लागि प्रा.वि. तहमा निःशुल्क शिक्षा अनिवार्य शिक्षा, सर्वसुलभ शिक्षा आदि दिनको लागि शिक्षक तालिम छात्रावृद्धि, विद्यालय व्यवस्थापन तथा गुणस्तर वृद्धि गराउन सवै कार्यक्रमहरू सरकारले जिम्मा लिएको र सञ्चालन गरेको भएता पनि शिक्षा प्रतिको झुकाव, शैक्षिक गुणस्तर तथा उपलब्दीमा खासै सकारात्मक परिवर्तन आउन नसकेको विकल्पको रुपमा प्रभावकारी वनाउनको लागि विद्यालयमा महिला शिक्षक बढाउने योजना ल्याएको पाइन्छ । शिक्षा ऐन २०२८ तथा नियमावली २०४९ को तेस्रो संसोधन नियम ९१ को अनुसार प्रत्येक प्राथमिक विद्यालयमा न्युनतम १ जना  महिला शिक्षकको सङख्या हुनुपर्ने र मा. वि. तहमा पनि सङ्ख्या बढाउदै लैजानु पर्ने प्रावधान ल्याएको पाइन्छ (शिक्षा ऐन तथा नियमावली २०५९) । एक्काइसौं शताब्दीमा पनि विभिन्न खालका समस्याबाट जकडिएको हाम्रो मुलुकले विभिन्न राष्ट्रिय एवं अन्तराष्ट्रिय क्षेत्रमा आफ्नो सहभागिता जनाई प्रतिवद्धता जाहेर गरी विभिन्न खालको योजना वनाएको पाइन्छ । तर योजनाको कार्यान्वयन उपयुक्त तरिकाबाट लाग ुहुन सकिरहेको छैन । अझसम्म कृषिमा वढी सहभागिता रहेको र अन्य क्षेत्रमा महिला सशक्तिकरण कार्य सम्वन्धी धेरै आवाज उठिरहेको पाइन्छ । यसलाई सिद्धान्तका रुपमा स्वीकार नगरी ब्यवहारिक प्रयोग गरीनु पर्दछ ।

विभिन्न खालका प्रयास गर्दा गर्दै पनि माध्यमिक विद्यालयमा महिला शिक्षकको सहभागिता न्यून रहेको पाइन्छ । महिला शिक्षक सहभागिता वढाउन सकेमा राम्रो हुन सक्ने देखिन्छ । त्यसैले अध्ययन गर्ने आवश्यक ठानी यो अध्ययन गरिएको हो ।

## १.२ समस्याको कथन

विकासको तिव्र गति बढ्ने क्रमसँगै विकासोन्मुख क्षेत्रमा वढेको लिङगिय विभेदको कारणले गर्दा शैक्षिक क्षेत्रमा पनि महत्वपूर्ण प्रभाव परेको छ । वि.स. २००९ सालको साक्षरता दर ०.७ प्रतिशत महिला र ९.५ प्रतिशत पुरूष साक्षर रहेको तथा वि.स. २०५८ मा पनि ४२.५ प्रतिशत महिला र ६५.१ प्रतिशत पुरूष साक्षरता रहेको पाइन्छ (शैक्षिक तथ्याङ्क, २०५८) । देशको आधा

जनसङ्ख्या ओगटेको महिलाहरूमा साक्षरता प्रतिशत पुरूषको तुलनामा ठूलो खाडलको रुपमा रहेको छ । नेपालको कुल जनसङ्ख्यामा महिलाहरू ७० प्रतिशत निरक्षर हुन । जुन प्रा.वि. तहमा विद्यालय जाने उमेर पुगेका बालक मध्ये ६० प्रतिशत केटीहरू विद्यालय गएको पाइदैन त्यसै गरी निम्न माध्यमिक र माध्यमिक तहमा क्रमश २१ प्रतिशत र २९ प्रतिशत केटीहरू विद्यालय गएको पाइदैन (फ्लास, २०६२) । यस्तो शैक्षिक अवस्थालाई उकास्नको लागि विविध कार्यक्रमको परिचालन पश्चात पनि खासै सफलता प्राप्त गर्न नसकेको देखिन्छ यसको लागि शिक्षामा सुधार गर्ने महिला शिक्षकको महत्वपूर्ण भूमिका दायित्व र जिम्मेवारीको रुपमा लिनुपर्छ भन्ने ठहर छ । विद्यालयमा रहेको वर्तमान शैक्षिक अवस्थालाई हेर्दा अरु विषय वस्तुभन्दा यो समसामयीक र जटिल रुपमा खडा भएको छ । त्यसैले यस अध्यनको समस्याको रुपमा माध्यमिक तहमा महिला सहभागिता कस्तो छ ? पुरूषको तुलनामा महिलाहरूलाई प्राथमिकता दिएको छ कि छैन ? माध्यमिक तहमा महिलाहरूको शिक्षण कार्य कतिको प्रभावकारी छ ? महिला शिक्षकलाई अधिकार पर्याप्त मात्रामा प्रदान गर्दा कस्ता कस्ता समस्याहरू आइपर्दछन र महिला शिक्षकलाई कस्ता कस्ता जिम्मेवारी दिएको छ ? अदि जस्ता समस्याहरू रहेको छ ।

## १.३ अध्ययनको औचित्य

वर्तमान हाम्रो देशमा महिला र पुरूषलाई हेर्ने दृष्टिकोण समान किसिमको छैन । नेपाललाई पुरूष प्रधान देशको रुपमा नै मानिआएको ब्यवहारिक अवस्था पाइन्छ तर पुरूषले गर्ने काम जुनसुकै पनि महिलाले गर्न सक्दछन् । अझ शिक्षामा नारी शिक्षित भएमा परिवार नै शिक्षित हुन्छ तर पुरूष शिक्षित भएमा व्यक्ति मात्र शिक्षित हुन्छ भन्ने भनाइले पनि पुष्टि गर्दछ । त्यसैले एउटै रथका दुई पाङग्राको रुपमा शिक्षामा महिला पुरूषलाई लिएको पाइन्छ । त्यस्तै वालकलाई शिक्षाको सुरुवात महिलाको काखबाटनै हुने हुनाले महिला नै प्रेरणाको जननीको रुपमा लिइन्छ । यस्तो रुपमा रहेको तथ्यहरूबाट पनि अध्ययन गर्न महत्वपूर्ण मानिन्छ ।

शिक्षामा भएको आमूल परिवर्तनसंगै माध्यमिक तहमा पनि ल्याइएको महिलाको न्यून उपस्थितिलाई बढाउनको लागि नीति नियमको आधारमा माध्यमिक तहमा महिलाको सहभागिताको अवस्था र प्रभाव पत्ता लगाउन सकिन्छ । यसबाट महिला शिक्षकको पहुँचमा वृद्धि

भई शिक्षा क्षेत्रमा पनि लैङिगक समानता तथा शैक्षिक विकास गर्ने आधार गर्दछ । यो शोध अध्ययनबाट शिक्षा क्षेत्रको महानुभावहरूलाई माध्यमिक तहमा महिला शिक्षकको अवस्थाको वारेमा थाहा हुन्छ । साथै त्यसबाट शिक्षण तथा विद्यालयमा पारेका प्रभाव वारेमा तुलनात्मक अध्ययन गर्न सहयोग गर्दछ यस्तो अध्यनबाट शैक्षिक योजनाकार, शिक्षक अभिभावक तथा थोरै रुपमा भए पनि मा.वि. तहमा महिला शिक्षकको वर्तमान अवस्था यसबाट शिक्षणमा पार्ने प्रभावको वारेमा अध्ययन गरी भावी योजनाको निर्णयमा सहयोग गर्दछ ।

## १.४ अध्ययनको उद्देश्य

यस शोध अध्ययन गर्नको लागि निम्न उद्देश्यहरू राखिएका छन् :-

(क) माध्यमिक तहमा महिला शिक्षकको सहभागिता पहिचान गर्न ।

(ख) माध्यमिक तहमा महिला शिक्षकको संलग्नताले शिक्षण सिकाइमा खेलेको भूमिकाको विश्लेषण गर्न ।

(ग) माध्यमिक तहमा महिला शिक्षकको प्रभावकारी शिक्षणको विश्लेषण गर्न ।

## १.५ अनुसन्धानात्मक प्रश्नावली

यस अध्ययनको लागि निम्न वमोजिमका अनुसन्धानात्मक प्रश्नावली लाई आधार मानिएको छ :-

(क) माध्यमिक तहमा महिला शिक्षकको सहभागिताको अवस्था कस्तो छ ?

(ख) के माध्यमिक तहमा महिला शिक्षकको सहभागिताले छात्रा भर्ना प्रतिशत वढेको देखिन्छ ?

(ग) महिला शिक्षकले शिक्षण गर्दा आइपरेका समस्याहरू के के हुन् ?

(घ) माध्यमिक तहमा महिला शिक्षकको पेशा प्रति अभिभावकमा कस्तो छाप रहेको छ ?

(ङ) माध्यमिक तहमा महिला शिक्षकको शिक्षण कस्तो छ ?

(च) माध्यमिक तहमा शिक्षक र महिला शिक्षकको शिक्षणमा कस्तो भिन्नता रहेको पाइन्छ ?

## १.६ अध्ययनको परिसीमा

जुनसुकै अध्ययनको आफ्नै कार्यक्षेत्रको निश्चित परिसिमा हुने गर्दछ । त्यसैले अध्ययनलाई निश्चित निश्कर्ष निकाल्न सहयोग गर्दछ । यो अध्ययन ताप्लेजुङ्ग जिल्ला अन्तरगत रहेको सम्पूर्ण विद्यालय पुगी अध्ययन गर्न असम्भव भएकोले २ (तेम्वे र खोक्लिङ) ओटा स्रोतकेन्द्र भित्र पर्ने ७

ओटा गा.वि.स. भित्रका ३/२ ओटा माध्यमिक विद्यालयलाई अध्ययनको नमूनाको रुपमा छनौट गरी माध्यमिक तहमा महिला शिक्षकको सहभागिताले शिक्षणमा पारेको प्रभावको विश्लेषणत्मक अध्ययन गरिएको छ ।

## १.७ शब्दावलीको परिभाषा :

| | |
|---|---|
| आन्तरिक क्षमता | : माध्यमिक तह विद्यार्थीको शैक्षिक क्षमताको मूल्याङ्कन |
| ऐन | : शिक्षा ऐन २०२८ को संशोधन सहित |
| कक्षा दोहोऱ्याउने | : एउटै कक्षामा दुई वा सोभन्दा बढी शै. स. सम्म अध्ययन गर्ने विद्यार्थीको अवस्था |
| नियमावली | : शिक्षा नियमावी २०५९ को संशोधन सहित |
| प्रभावकारिता | : शिक्षण व्यवहारमा भएको परिवर्तनले विद्यार्थीको शैक्षिक उपलब्धिमा देखिने भिन्नता |
| बीचैमा कक्षा छाड्ने | : पढाई सञ्चालनको क्रममा विद्यालय छोडी पढाईबाट वञ्चित बनेको विद्यार्थीको अवस्था |
| विद्यार्थी | : सामुदायिक माध्यमिक तहमा अध्ययरत छात्र/छात्रा |
| महिला शिक्षक | : सामुदायिक माध्यमिक तहमा अध्यापनरत महिला |
| शिक्षक | : सामुदायिक माध्यमिक तहमा अध्यापनरत पुरूष |
| शैक्षिक स्तर वृद्धि | : शिक्षामा महिला सहभागिता वृद्धि गरी देश विकास गर्ने क्रममा महिला शिक्षा अन्तर्गत सञ्चालित कार्यक्रम |
| स्रोत केन्द्र | : शिक्षा नियमावली बमोजिम स्थापित भएको समूह विद्यालयको नेतृत्व गर्ने विद्यालय |

# परिच्छेद : दुई

## सैद्धान्तिक खाता तथा सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१ अध्ययनको वैचारिक खाका

प्राकृतिक तथा सहभागिता उन्मुख सिद्धान्तको विकास 'आर.आर.स्टेक' तथा अन्य साथीहरूले (१९६७-८०) मा गरेका हुन् । यस विधिबाट शैक्षिक उद्देश्यको जाँच, मूल्याङ्कन सामाग्रीको विकास मूल्याङ्कन सामाग्रीमा सुधार आदि सम्पूर्ण कार्यमा कुनै पनि कार्यक्रमको वास्तविक स्थिति तथा सहभागिताको अनुभव, कार्यक्रमको मानवीय तत्वहरूको राय, कार्यक्रमको वास्तविक कार्य जस्ता नयाँ नयाँ सिद्धान्त र अवधारणा प्रयोग भएको उल्लेख छ । यस्ता कार्यमा पूराना प्रचलित मूल्याङ्कन विधिले वास्तविक आधार दिन नसकेको हुनाले यो विधिको विकास र प्रयोग अगाडि आएको छ ।

प्राकृतिक तथा सहभागिता उन्मुख सिद्धान्तले कुनैपनि खोजको प्रक्रियामा जाँदा स्थानीय तहमा पुगी आवश्यक प्रत्यक्ष अवलोकन अनुसन्धान गर्दछ । यस्तो कार्य गर्दा अवलोकन कर्ताले पूर्ण निधारित विधि, सामाग्रीहरूको प्रयोग विना कुनै विषयमा तत्कालिन अवस्ताका वारेमा तत्कालिन विधिको प्रयोग तथा प्रकृयाहरू शुरु गर्नु पर्ने उल्लेख छ । यस्तो कार्यबाट मात्र हालसम्म पनि प्रभाकारिताको वारेमा पनि यथार्थता पत्ता लगाउन सकिन्छ ।

यो सिद्धान्तलाई अगाडि बढाउने क्रममा मूल्याङ्कन गर्दा एउटै मात्र सुचना तथा विधिको आधारमा पूर्णतः नहुने कुरा उल्लेख छ । त्यस्तो हुनाले मूल्याङ्कन गर्नको लागि विभिन्न स्रोतहरूको खोजी गरी वहु-सुचनाहरूको संकलन गर्नु पर्छ । यसको लागि आवश्यक सम्पूर्ण विधिहरू सहभागितात्मक अवलोकन, प्राकृतिक अन्तरवार्ता, दस्तावेज आदिको प्रयोगबाट वहु सुचनाको संकलन गर्नुपर्ने हुन्छ । जुन गुणात्मक र परिणात्मक विधिहरूको प्रयोगबाट विषयगत र वस्तुगत सुचनाहरूको संकलन गर्न सकिने उल्लेख गर्दछ । यसमा एउटा वास्तविकतामा मात्र विश्वास नहुने हुनाले बहु वास्तविकताको आधारमा सुचना संकलनमा जोड दिने गर्दछ ।

यस अवधारणा अनुसार मूल्याङ्कन कार्यमा कुनैपनि कार्यक्रमलाई अगाडि बढाउनको लागि पूर्व निर्धारित मापदण्ड तथा तयारी योजनाको उपयोग नहुने कुरा उल्लेख छ यस्तो कार्यक्रममा उपस्थित सहभागिताको वास्तविक अनुभव विचार तथा उनीहरूको अवधारणाको वारेमा प्रत्यक्ष मूल्याङ्कन गर्नुपर्दछ । यसमा कार्यक्रमको स्वाभाविक वातावरण र यसको अगाडिको अवस्थाको वारेमा अवस्था गत प्रभाव तथा अनुभवको आधारमा अध्ययन गर्नुपर्छ । यस्तो अध्ययन कार्यको क्रमसंगै अगाडि वढ्ने कुराको वारेमा निर्धारण गर्दै जानुपर्दछ । त्यसैले यस विधिले अध्ययन कार्यमा व्यक्तिगत विशेषताका आधारमा प्रक्रियाको उपयोग गर्ने विश्वास लिएको छ ।

यस विधिमा अध्ययन गर्ने विषयहरू एउटा मात्र वास्तविकतालाई पूर्णता नठानी धेरै वास्तविक सूचनाहरूको संकलन गर्नु पर्दछ । सुचना संकलनको क्रममा सम्वन्धित सवै व्यक्तिहरूले देखेको, भोगेको, अनुभव गरेको, वोलेको तथा आशा गरेको आधारमा आवश्यक वास्तविकताको खोजी गर्नु पर्दछ । यस्तो कार्य सवै सम्वन्धित व्यक्तिको विचार र अनुभवको आधारमा निचोड दिनु पर्ने जोड दिनुपर्ने उल्लेख गर्दछ । प्रकृतिक तथा सहभागिता मुलक मूल्याङ्कन विधिले कुनै पनि कार्यक्रमको मूल्याङ्कन गर्नका लागि आगमन विधिको अवधारणाका आधारमा जनस्थरबाट शुरु गर्नुपर्ने कुरामा जोड दिन्छ । यसका लागि वहु सुचना तथा वास्तविकताका आधारमा तत्कालिन समयमा योजना तयारी गरी सहभागिताहरूको यथार्ततालाई बुझी उनीहरूको विचार अनुभवका आधारमा खोजगर्ने कार्य गर्नु पर्छ । जसबाट मात्र सहभागिताको वास्तविक मूल्याङ्कन गर्न सम्भव हुने देखिएको छ । यस विधिको आधारबाट शैक्षिक क्षेत्रको अवस्था सुधार गर्नको लागि विकेन्द्रित नीतिको आधारमा शिक्षाको आवश्यकता आवश्यकता तथा मागको बारेमा बुझ्नको लागि जनस्तरबाट नै बहु वास्तविकता पहिचान गर्नु पर्छ यसबाट मात्र शैक्षिक क्षेत्रको वास्तविक विकास गर्न सम्भव देखिएकाले यस विधिलाई आवश्यक ठानी माध्यमिक तहको शिक्षामा प्रभावकारी बनाउनका लागि गरिएको अध्ययनमा महिला शिक्षकको सहभागिता हुनाले वालवालिकाको सिफाइमा सुधार गर्ने अपेक्षा गर्न सकिन्छ ।

मानव सम्वन्धको सिद्धान्तको विकास ‘मेरी पार्कर फोलेट’ र ‘इल्टन’ माओले गरेका हुन् तापनि यस सिद्धान्तको प्रवर्तकका रुपमा माओ (इ.स. १८८०-१९४९) लाई मानिन्छ (अग्रवाल, २००६) । मानव

सम्बन्धको सिद्धान्तले मानव सम्वन्ध भनेको व्यवस्थापन र कामदार वीचको अन्तर्क्रियामा निर्भर हुने कुरा उल्लेख गरेको छ । प्रत्येक व्यक्तिको सोचाई प्रवृत्ति र व्यवहार अर्को व्यक्तिसँग कसरी प्रस्तुत हुन्छ त्यसमा मानव नै मानव सम्वन्ध निर्भर हुने गर्दछ । यसमा मनोवैज्ञानिक, व्यक्तिगत गुण र मानविय तत्वले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसले मानव सम्वन्धका विविध आयामहरूलाई मध्य नजर गरेर विद्यालय ब्यवस्थापन तथा सञ्चालनका हरेक सवालमा राम्रो र स्पष्ट सम्वन्ध कायम गर्न मानव सम्वन्धले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ ।

मानव समवन्धको सिद्धान्त इ.स. १९५० तिर प्रचलित रुपमा रहेको पाइन्छ । यस अगाडिका सिद्धान्तले संगठन र सहकार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारण यो सिद्धान्तको सुरुवात भएको हो । शास्त्रीय व्यवस्थापनले काम गर्ने ठाउमा मेलमिलाप उत्पादन कार्यकुशलतामा सन्तोषप्रद सुधार ल्याउन नसकेकाले व्यवहारिक व्यवस्थापनमा नयाँ नयाँ विचारहरू विकसित भएका हुन । कुनै पनि संगठन तथा कार्यकलापमा कार्यगर्नेहरू वीचमा मानव सम्बन्ध राम्रो भएमा मात्र कार्यसमपादन पनि राम्रो चाडो र स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध नभएमा कार्यसम्पादन पनि ढिलो नराम्रो र कम गुणस्तरीय हुनाले उत्पादन प्रक्रियामा प्रभाव पार्दछ। यस्तो सिद्धान्तलाई अन्तर्वैयक्तिक ब्यवहार भनिन्छ। (कोइराला र श्रेष्ठ, २०६५) ।

मानव सम्वन्ध भन्नाले मानवलाई मानव जस्तो व्यवहार गर्नुपर्दछ। मानिसलाई संगठनको बस्तु वा अन्य कुनै सम्पतिको रुपमा लिनुहुदैन। यसको आफ्नै मानवीय अस्तित्व छ भनी स्वीकार गर्नुपर्छ । यदि सबै मिलेर उद्देश्य पूर्ति गर्नु छ भने एकले अर्कोलाई वुझेर व्यवहार गर्नुपर्छ। जति धेरै मानवीय सम्बन्ध स्थापना गर्न सक्यो, त्यति नै राम्रो सम्बन्ध कायम नै स्तरियता प्रभावकारिता हाँसिल हुन्छ भन्ने मानव सम्वन्धको सार हो । वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले कामदारहको कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्ने, वैज्ञानिक रुपमा कामदारको पारिश्रामिकको निर्धारण (कामको आधारमा ज्याला) गर्नु पर्ने कामको विभाजन गर्नु पर्ने, कामदारको छनौट गर्ने कार्यमा वैज्ञानिकीकरण जस्ता पक्षमा जोड दिएको छ । मानव सम्वन्धको सिद्धानतले मानव सम्वन्ध तथा मानवीय पक्षमा जोड दिदै मानिसहरूको मनोविज्ञान,

व्यक्तिगत व्यवहार, आपसी अन्तरसम्वन्ध, व्यक्तिगत गुण, नेतृत्व यिनलाई प्रभाव पार्ने सबै मानवीय तत्वहरूको अध्ययनमा जोड दिएको देखिन्छ ।

मानव सम्वन्धको सिद्धान्तको आधारबाट शिक्षाको क्षेत्रमा पनि निरङ्कुशतन्त्रको अन्त्य गरी प्रजातान्त्रिक संस्कारको सुरुवात हुन गयो । यसबाट शैक्षिक क्षेत्रमा नीति निर्माण देखि स्थानीय स्थर सम्म सहभागिताको मौका प्रदान गरेको छ । साथै पाठ्क्रमको निर्माण तहदेखि कार्यान्वयन तहसम्म शिक्षाका सर्म्पूण क्रियाकलापमा शिक्षाको सहभागितालाई प्रयोगमा ल्याउने प्रयास हुन थाल्यो । शिक्षा प्रशासनलाई प्रजातान्त्रिककरण गरी प्रशासक शिक्षक तथा सम्पूर्ण सरोकारवाला वीचमा सम्वन्ध कायम गरी सुमधुर वातावरण निर्माण गर्न जोड दियो यसका साथै शिक्षाको हरेक क्षेत्रमा विकास गर्नका लागि राज्य स्थानीय क्षेत्र, संघ, संस्था, सवै सरोकारवाला सवैको सामूहिक जिम्मेवारी हुने कुराको विकास हुन थालेको पाइन्छ । शिक्षाको नेतृत्वको तानाशाही प्रवृत्ति हटाई प्रजातान्त्रिक आधार अनुरुप कार्य गर्नु पर्छ । बाल शिक्षण सिकाइलाई र बालकको भावनालाई बुझेर बालमैत्री वातावरणबाट अगाडि जानुपर्छ । त्यसो भएकाले शैक्षिक क्षेत्रलाई सुधार गर्नको लागि विद्यालयको विकासमा सवै तहका सवै सरोकारवाला वीचमा सहभागिता भई सवैको एक आपसमा मेलमिलापको आधारबाट मात्र अगाडि बढ्न सक्दछ (ढकाल, २०६५) ।

यसरी मानव सम्बन्धको विकास भएबाट शिक्षा क्षेत्रमा पनि विकास गर्नका लागि शिक्षक तथा प्रशासक अनि विद्यार्थी अविभावकको सबै सम्वन्ध कायम गर्ने आवश्यक पर्ने हुनाले गरिएको अध्ययनमा पनि माध्यमिक तहमा महिलाको अवस्थाको आधारमा शिक्षणमा प्रभावकारी हुन सक्ने विस्वास गर्न सकिन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

रेग्मी (वि.स. २०६१) "नेपालमा महिलाको स्थिति" नामक शीर्षकमा लेख्नुभएको लेखमा लेखकले लेखेका उद्देश्यहरू नेपालमा महिलाको वर्तमान अवस्था, महिला विकासमा भएको समस्या तथा समाधानको उपाय जस्ता उद्देश्यहरूलाई आधार वनाई लेख्नुभएको अध्ययनबाट वर्तमान समयमा न्यून महिला सहभागिता देखिएको पाइन्छ । यसको कारक तत्वको रुपमा अशिक्षा, गरीवी,

चेतनाको कमी, परम्परागत सोचाइ, भेदभाव आदि रहेको निष्कर्ष निकाल्नु भएको छ । यस्तो समस्यालाई समाधान गर्नका लागि लेखकले महिला सशक्तिकरण र लैङ्गिक असमानता सम्वन्धी विविध कार्यक्रम सञ्चालन गर्नका लागि तथा अन्तराष्ट्रिय क्षेत्रबाट पनि आवश्यक स्रोत साधन र सहयोगको परिचालनको साथै समन्वयात्मक रुपमा पहल गर्नुपर्ने सुझाव देखिन्छ ।

उपाध्याय (वि.स. २०६२) ले "माध्यमिक तहको विद्यालयीय शिक्षामा छात्रा सहभागिता एक अध्ययन" शीर्षमा लेखिएको सोधपत्रमा दैलेख जिल्लाको माध्यमिक तहमा छात्राको अवस्था पहिचान गर्ने, छात्रा न्यून हुनाले कारण पत्ता लगाउन तथा सहभागिता वढाउने उपाय पत्ता लगाउने जस्तो उद्देश्यलाई समेटी सोधकर्ताले अधययनबाट प्राप्त स्रोतका आधारमा छात्राको तुलनामा छात्राको सङख्या न्यून रहेको भएपनि छात्रा सहभागिताको अवस्था वर्षेनी रुपमा वढ्दो अवस्थामा रहेको देखाएको छ । तुलनात्मक रुपमा न्यून हुनुमा छात्राहरूमा चेतनाको कमी, लैङिगक विभेद, आर्थिक अवस्थामा कमी हुनु, घरधन्दामा वढी संलग्न रहनु, राष्ट्रिय तथा सामाजिक असुरक्षा, जस्ता कारण तत्वहरू रहेको उल्लेख गर्नु भएको छ भने "आदर्श राज्य निर्माणका लागि महिलालाई शिक्षा" प्लेटोले लैङिगक सचेतना रोजगारिका अवसर र राजनीतिमा सहभागिता बढाउनुपर्ने जस्ता सुझाव दिएको पाइन्छ ।

सापकोटा (वि.स., २०६०) का अनुसार "महिलाको शैक्षिक अवस्था" एक अध्ययन शोधपत्रमा सुर्खेत जिल्लामा महिलाको शैक्षिक अवस्था पत्ता लगाउनका लागि विद्यालयमा छात्राको सहभागिता पहिचान गर्ने, न्यून रहेको कारण पत्ता लगाउन तथा समस्या समाधान गर्ने उपाय पत्ता लगाउन जस्ता उद्देश्यको प्रयोग गर्नु भएको अध्ययनमा छात्राको शैक्षिक अवस्थामा प्रा.वि. भन्दा माथिल्लो तहमा कम उत्तिर्ण रहेको साक्षरता दर न्यून रहेको शिक्षमा अभिभावकको कम बुझाई भएको साथै विषयगत अध्ययनमा गणित अंग्रेजीमा न्यूनीकरण रहेको निष्कर्ष निकाल्नु भएको छ । यस्तो अवस्थामा रहेको सुर्खेत जिल्लाको छात्राको शैक्षिक अवस्थालाई सुधार गर्नको लागि शोधकर्ताले छात्रालाई निश्चित तहसम्म निःशुल्क हुनुपर्ने अनिवार्य र सर्व सुलभ शिक्षा हुनुपर्ने राष्ट्रिय विकासको मूलधारमा महिलालाई ल्याउनुपर्ने, शिक्षणमा महिलालाई संरक्षणमा सुभार ल्याउनुपर्ने, नारी उत्थान नारी शिक्षाका लागि सरकारी नीति नियम तथा जनचेतनामा सुधार ल्याउनुपर्ने जस्ता सुझावहरू उल्लेख गर्नुपर्ने रहेको छ ।

आचार्य (वि.स २०६०) "सार्वजनिक प्राभमिक विद्यालयमा अध्ययन गर्ने छात्राहरूले शिक्षा पूरा नगरी विचैमा छाड्नुको कारण" एक अध्ययन शीर्षकमा सुर्खेत जिल्लामा गरिएको अध्ययनमा शोधकर्ताले सुर्खेत जिल्लामा शिक्षा पूरा नगरी विचैमा विद्यालय छोड्नेको अवस्था पहिचान गर्ने, कारण पत्ता लगाउन तथा समाधानको उपाय पत्ता लगाउन जस्ता उद्देश्यहरूको प्रयोग गरी शिक्षा पूरा नगरी विचैमा छोड्नुमा आर्थिक समस्या, अशिक्षा, रुढीवादी, अन्धविस्वास, कुरीति, छिटो विवाह आदि निष्कर्ष निकाल्नुभएको छ सरकारबाट भएका प्रयासहरू प्राथमिक शिक्षा कार्यक्रम, महिला शिक्षा कार्यक्रम तथा सामग्री निर्माणमा जोड दिए पनि शिक्षा पूरा नगरी विचैमा छाड्नुको अवस्था वढ्दो क्रममानै रहेको निस्कर्ष दिनुहुन्छ । शिक्षा पूरा नगरी विचैमा छोड्नुको अवस्थालाई न्यूनिकरण गर्नका लागि सर्वप्रथम सरकारले प्रभावकारी नीति नियम वनाउनु पर्ने, शैक्षिक लगानीलाई व्यवहारिक रुपमा प्रयोग गर्नुपर्ने, शैक्षिक योजनाकार,प्रशासक अभिभावक वुद्धिजिवी, सवैले आफ्नो आफ्नो क्षेत्रबाट योगदान दिन सकेमा यो अवस्था न्यूनिकरण हुने कुरा सोधकर्ताले दिनुभएको छ ।

अधिकारी र ओझा (वि.स. २०६१) ले विद्यालय उमेरका वालवालिकाले विचैमा विद्यालय छोड्ने कारणमा पाल्पा जिल्लाको विद्यालय उमेरका वाललालिकाको विद्यालयबाट शिक्षा पूरा नगरी बिचैमा छोड्ने अवस्थाको वारेमा शोधकर्ताले शिक्षा पूरा नगरी बिचैमा छाड्नुको अवस्था पहिचान गरी कारण पत्ता लगाउनको लागि गर्नुभएको अध्ययनमा शिक्षा पूरा नगरी बिचैमा छोड्नुको वढ्दो अवस्थालाई सुधार गर्नको लागि स्थानीय स्थरबाट नै वास्तविक अवस्था पहिचान गरी निराकरण गर्नु पर्ने यसको लागि शैक्षिक योजनाकार राजनीतिक आदिबाट तीव्रताका साथ प्रभावकारी रुपमा अगाडि वढाउदै लैजानु पर्ने जस्ता सुझाव रहेको छ ।

ओझा (वि.स. २०६१) ले शिक्षण पेशामा महिलाको प्रवेश शीर्षकमा लेख्नुभएको लेखमा शिक्षण पेशामा महिलाको अवस्था, प्रवेशको क्रम तथा यसबाट शिक्षणमा प्रभावकारिता तथा तुलनात्मक अवस्था जस्ता उद्देश्यको प्रयोग गरी तयार गर्नु भएको लेखबाट महिलाहरूको सहभागिता तथा प्रवेश दुवै न्यून रहेको निष्कर्ष निकालेको छ । अनुपातमा सवै भन्दा वढी श्रीलङ्कामा ८०%

महिलाहरू पुरूषको अनुपातमा शिक्षण पेशामा लागेको उल्लेख छ । नेपालमा महिला पुरूष समान रुपमा सङ्ख्यात्मक रुपमा भएको भएता पनि अर्थ संकृति संकार, पितृसत्तामक रुपमा समाजको प्रतिविम्व भएकाले व्यवहारमा गम्भिर र संवेदनशिल रुपमा असमानता रहेको कुरा उल्लेख छ । यस्तो लेखबाट लिइएको निष्कर्षबाट लेखिएकोले सुधार गर्नका लागि प्रभावकारी वनाउन शिक्षणमा सहभागिता वढाउन सरकारले विशेष योजना ल्याउनुपर्ने सुझाव दिनु भएको छ ।

सापकोटा (वि.स. २०६०) विद्यालय तहमा वितरीत छात्रा छात्रावृत्ति कार्यक्रमको प्रभावकारिता नामक अध्ययनबाट छात्रवृत्ति कार्यक्रमको परिणाम स्वरुप छात्राहरूको भर्नासंख्यामा वृद्धि भएको छात्रा उत्तीर्ण दरमा बृदिभएको, कक्षा दोहोऱ्याउने सङ्ख्यामा कमि आएको विद्यालय छाड्ने दरमा कमी आएको, छात्रा नियमिततामा वृद्धिभएको अभिभावकको शैक्षिक जागरणमा सकारात्मक प्रभाव परेको पाइयो । छात्रवृत्ति वितरणले गरीवी तथा जेहेन्दार विद्यार्थीलाई विद्यालय शिक्षाको मूल धारमा ल्याउन सहयोग पुगेको छ । छात्रावृत्तिको समस्यामा यसको कोटा न्यून हुनु, व्यापक छलफल र प्रचार प्रसार नगरीनु अभिभावमा छात्रवृत्तिको उचित कार्यन्वयन नहुनु, छात्रवृत्ति वितरण सम्वन्धमा जि.शि.अ. को भूमिका तदर्थ रहनु आदि जस्ता कारणहरू हुन सक्दछ । यस्ता समस्यालाई उचित तरिकाले समाधान गरी छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी रुपमा छात्राहरूमा लागु गर्न सके छात्राहरूलाई विद्यालय शिक्षामा समान सहभागि गराउन सकिन्छ भने निष्कर्ष निकाल्न सकिन्छ ।

दशौ योजना (वि.स. २०५९-०६४) ले महिला विकासका सम्वन्धमा उल्लेख गरेको दीर्घकालिीन अवधारणमा निम्न उद्देश्य रहेको पाइन्छ ।

(क) दिगो आर्थिक वृद्धि र गरीवी निवारण लक्ष्य हाँसिल गर्ने महिला विरुद्धको सवै भेदभाव उन्मुलन गर्दै महिला विकासको परिसुचकममा अभिवृद्धि गरी महिला अधिकारका आधारमा समानता समतामुलक निर्माण गर्ने रहेको छ ।

(ख) परिणामात्मक लक्ष्यहरू लैङिगक विकासको सुचक ०.५५ पुऱ्याउने लैङिगक सशक्तिकरण मानव ०.५०० पुऱ्याउने र नीति निर्माणमा महिला सहभागिता कम्तिमा २०% पुऱ्याउने ।

शिक्षाक्षेत्रमा भएको उपलब्धिमा विद्यमान चुनौतिलाई समेत ध्यानमा राखी उद्देश्यको पहिलो वुदामा नै साक्षरता, साक्षरोत्तर, आयमुलक र जीवनपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी विशेषतः पिछडिएको समुदाय तथा महिलाको जीवनस्तर उकास्न मद्दत पुऱ्याउने भनी किटान गरिएको छ । "सबैको लागि शिक्षा"को सन्दर्भमा महिला तथा अपाङ्गको लागि शिक्षाको अवसरहरूमा पहुँच बढाउँदा विशेष व्यवस्था गर्ने उल्लेख भएको छ । महिला शिक्षक अनुपात ५०% पुऱ्याउने लक्ष्य लिइएको छ । साथै महिला शिक्षा सम्वन्धि शिक्षामा दलित एवंम पिछडिएको वर्गमा पहुँच बढाउन छात्रवृत्तिको व्यवस्था मिलाउने भनी उल्लेख गरिएको छ ।

निजामती सेवा अध्यादेश (वि.स. २०५९ को दोस्रो संसोधन) ले महिलाको सहभागिता निजामती सेवामा बढी गराउन तथा प्रभाव बढाउनको लागि विशेष व्यवस्था गरिएको पाइन्छ । यसमा ४० वर्ष सम्म पनि महिलाको निजामती सेवामा उम्मेद्वार बन्न पाउने व्यवस्था दफा -१० को उपदफा -१० मा उल्लेख छ । महिला कर्मचारी नियुक्ति पछि परिक्षण काल ६ महिना सम्म मात्र रहने कुराको व्यवस्था दफा -१६ मा रहेको छ । यसैगरी महिला निजामती कर्मचारीको हकमा तोकिएको सेवा अवधि भन्दा १ वर्ष कम सेवा अवधि पुगेको भए पनि वढुवाको सम्भाव्य उम्मेद्वार वन्न पाउने व्यवस्था दफा -२१ को उपदफा -२ मा उल्लेख गरेको छ । साथै कर्मचारी (महिला) गर्भवति भएमा २ वटा बच्चा सम्म निजले अघिपछि गरी जम्मा ६० दिन विदा पाउने र सो अवधिको तलव पाउने व्यवस्था उल्लेख छ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (वि.स. २०५५) ले देशको आधा जनसङख्या ओगटेको महिलाको निराक्षरता ७०% रहेकोमा प्रा.वि. तहमा ६०% छात्राहरू विद्यालयमा नै नआएको देखिन्छ भने ४०% मात्र विद्यालय प्रवेश गरेको पाइन्छ (शैक्षिक तथ्याङ्क, २०५३) । प्रा.वि. तहमा महिला शिक्षकको अवस्था २७% मात्र रहेको पाइन्छ । यस्तो समस्यालाई समाधान गर्नका लागि यस आयोगले निम्न सुझाव दिएको पाइन्छ । महिला शिक्षक सहभागिता बढाउन नियुक्तिमा प्राथमिकताका साथै सेवा सुविधा वढाउनु पर्ने, महिला शिक्षा तथा सशक्तिकरणको लागि प्रचारप्रसार गर्नुपर्ने, साक्षरता अभियान सँगै प्रेरणदायी क्रियाशिल नेतृत्वको सृजनामा जोड

दिनुपर्ने शिक्षा पूरा नगरी विचैमा छोड्नेलाई हटाउनको लागि चेतना मुलक तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने, विद्यालय वाहिरको समूहलाई औपचारिक शिक्षामा ल्याउनुपर्ने साथै खुल्ला शिक्षालाई अगाडि बढाउनु पर्ने, गाँउ गाँउमा आर्थिक कोष खडा गरी बचत कार्यक्रम तर्फ क्रियाशील बनाउनुपर्ने, शिक्षाको सवै तहमा महिला छात्रवृत्ति व्यवस्था गर्नुपर्ने, महिलासँग सम्वन्धित विषयमा विविध अनुसन्धान गरी देखिएको समस्याको समाधान गर्नु पर्ने आदि जस्ता सुझावहरूलाई उल्लेख गरेको छ।

नेपालको आन्तरिक संविधान (वि.स. २०६३) को प्रस्तावनामा महिलाको अधिकारका बारेमा धारा २० को उपधारा १ मा महिलालाई कुनै पनि किसिमको भेदभाव गर्नुहुदैन भनिएको छ भने उपधारा २ मा प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन सम्वन्धी हक हुनेछ भनिएको छ त्यस्तै उपधारा ३ मा महिलामाथि कुनै पनि किसिमको हिंसात्मक कार्य गर्नेलाई दण्ड गर्नु पर्छ र उपधारा ४ मा पैतृक सम्पत्तिमा छोरा छोरीको बराबर हक हुनेछ भनि लेखिएको छ ।

माथि उल्लेखित सवै वैचारिक र सम्वन्धित साहित्यहरू यो शोध कार्यसँग ज्यादै नजिकको सम्बन्ध रहेको छ । जसले गर्दा महिला शिक्षकको सहभागिता तथा शिक्षकमा प्रभावको वारेमा अध्यनन गर्न थप बल पुग्ने देखिएता पनि उल्लेखित साहित्यको भने यस शोधपत्र सहयोगी मात्र रहनेछ जुन शोध शीर्षकको आधारमा गरिएको महिलाको अवस्था वर्तमान समयमा तथा शिक्षणको प्रभावको वारेमा भने समाधान हुन नसकेको हुनाले यस शोधकार्यबाट पूरा हुने विश्वास लिइएको पाइन्छ ।

## २.३ अध्ययनको शैक्षिक उपादेयता

अध्ययन गरिएको विषयका लागि छानिएको वैचारिक सिद्धान्तहरू प्राकृतिक सहभागितामुलक मूल्याङ्कन विधि तथा मानव सम्बन्धको सिद्धान्तले कुनैपनि कार्यक्रम तथा मूल्याङ्कन कार्य गर्नको लागि प्राकृतिक रुपमा मूल्याङ्कनकर्ता आफै उपस्थित हुनुपर्ने र सही सुचना प्राप्त गर्न सकिने तथा यस्तो कार्यमा हरेक पक्षमा वलियो मानवीय सम्बन्ध बनाउनुपर्ने जस्ता कार्यबाट मात्र उद्देश्य प्राप्तिमा राम्रो हुने तर्क रहेको छ । जसले गर्दा महिला शिक्षकलाई माध्यमिक तहमा

सहभागिता गराउँदा विद्यार्थीको मनोबल बढ्ने आत्म सन्तुष्टि हुने यसबाट प्रभावकारी सिकाई शैक्षिक उपलब्धि हुने कारणले गर्दा यस्ता सिद्धानतको प्रयोग गरिएको छ ।

अध्ययन कार्यलाई अगाडि बढाउनको लागि धैरै सम्बन्धित लेख साहित्यको उपयोग गर्न खोजिएको छ । जुन क्षेत्रमा अध्ययनबाट निकालिएको निश्कर्षको आधारमा तयार गरिएका लेखहरूले यस अध्ययनको लागि दिएको महिला शिक्षकको अवस्था आन्तरिक दक्षतामा छात्राको अवस्था छात्रा तथा महिला शिक्षकको सहभागिता बढाउन गरिएको उपाय आदिको बारेमा जानकारी गराउँदैछ । यो शोधकार्यलाई अगाडि वढाउनको लागि साथै अधययन क्षेत्रको अवस्थासँग तुलनात्मक रुपमा अध्ययन गर्न प्रयोगमा ल्याउन सकिने विश्वास गरिएको छ ।

# परिच्छेद : तीन
# अध्ययन विधि

## ३.१ अनुसन्धनात्मक ढाँचा

यस शोधकार्यलाई पूरा गर्नका लागि २ ओटा अनुसनधनात्मक ढाँचाको प्रयोग गरिएको छ । यसमा कुनै व्यवस्था प्रक्रिया समस्या तथा घटनाको व्याख्या विश्लेषण शाब्दिक रुपमा गरिने गुणात्मक ढाँचा र कुनैपनि विषय वस्तु समस्या तथा मुद्दासँग सम्बन्धित विभिन्न चरणहरू वीचको सम्वन्धलाई सङख्यात्मक मूल्यमा आधारित भई गरिने अध्ययन परिणात्मक ढाँचा हो यस अध्ययनमा अध्ययनको प्रकृति अनुसार यी दुवै ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ तथ्याङ्क संकलन प्रक्रिया

### ३.२.१ जनसङख्या

यस अध्ययनमा बाँधिएको परिसीमा अनुसार ताप्लेजुङ्ग जिल्लाका दुई वटा स्रोत केन्द्र (तेम्वे र खोक्लिङ्ग) भित्र अवस्थित ७ वटा गा.वि.स. ढुङ्गेसाघु, साघु, सान्थाक्रा, लिङतेप, साम्लुङ्ग, खोक्लिङ्ग, सावादिन) त्यहाँ भित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालय, त्यहाँ कार्यरत प्र.अ. शिक्षक, विद्यार्थी अभिभावक वि.व्य.स. पदाधिकारी नै जनसङख्याको रुपमा रहेको छ ।

### ३.२.२ नमूनाको आकार

माध्यमिक तहमा महिला शिक्षकको सहभागिता नामक अनुसन्धानमा छनौट गरिएको जनसङख्या भित्र रही आवश्यक तथ्याङ्कका लागि निम्न अनुसारको आकार निर्धारण गरिएको छ ।

**तालिका १**

| क्र.स | विद्यालय/विवरण | स्रोत व्यक्ति | वि. व्य. स पदाधिकारी | अभिभावक | प्र.अ. | शिक्षक | विद्यार्थी सङख्या |
|---|---|---|---|---|---|---|---|
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | १ | २ | २ | १ | १ | २ |
| २ | नारायणी उ.मा.वि. साँघू | × | २ | २ | १ | १ | २ |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | × | २ | २ | १ | १ | २ |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | १ | २ | २ | १ | १ | २ |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | × | २ | २ | १ | १ | २ |
| | जम्माः | २ | १० | १० | ५ | ५ | १० |

### ३.२.३ नमूना छनौट विधि

अनुसन्धानकर्ताले आफ्नो पूर्वज्ञान अनुभव दक्षता प्रयोग गरी अध्ययनका लागि आवश्यक पर्ने खालका नमूना छनौट गर्न उद्देश्यमूलक नमूना छनौट विधिको प्रयोग गरी अध्ययन सम्पन्न गरिएको छ । अध्ययनको उद्देश्य अनुसार सम्भावनायुक्त नमूना छनौटका आधारमा नमूना छनौट गरी निश्कर्षमा पुग्न यो विधि प्रचलित रहेको तथा नमूना छनौट गर्न सजिलो भएकाले यस विधिलाई नै छनौट गरिएको छ ।

### ३.२.४ नमूना छनौटको आधार

माध्यमिक तहमा महिला शिक्षाको सहभागिता नामक अनुसन्धानमा ताप्लेजुङ्ग जिल्लामा रहेका तेम्वे र खोक्लिङ्ग स्रोत केन्द्र भित्रका विद्यालयहरू अध्ययन गर्न भौगोलिक जातीयता, आर्थिक दृष्टिले अनुकुल हुनको साथै मितव्ययिता, सुगमता र सजिलैसँग विश्वासनीय ढंगले सूचना प्राप्त गर्न सकिने भएकाले यी यस्ता विभिन्न कारणहरूले गर्दा यो विषयवस्तुलाई नमूना छनौटको आधार मानी अध्ययन गरिएको छ ।

## ३.३ अनुसन्धानका साधनहरू

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क संकलनका लागि निम्न अनुसारका साधनहरूको प्रयोग गरिएको छ ।

**(क) प्रश्नावली**

यस अध्ययनको लागि उद्देश्य समेट्ने गरी अध्ययन क्षेत्र भित्रका जनसंख्यामा औपचारिक तरिकाले सम्बन्धित पक्षसँग सुहाँउदा प्रश्न तयारी गरी तथ्याङ्क संकलन गरिएको थियो । जुन जि.शि.का., वि.नि., प्र.अ., वि.व्य.स अध्यक्ष, महिला शिक्षक, विद्यार्थीहरू प्रश्नावलीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो (अनुसूचि XIII, XIV, XV, XVI, XVII) ।

**(ख) दस्तावेज विश्लेषण**

आवश्यक सुचना तथ जानकारी प्राप्त गर्ने उद्देश्यले सम्वन्धित विद्यालयका रेकर्डहरू, विद्यालय सुधार योजना, विद्यालय तथ्याङ्क फारम, उपलब्धि मूल्याङ्कन फारमबाट सुचना संकलन गरिएको

थियो । यसबाट विद्यालयमा महिला शिक्षाको अवस्था, विद्यार्थी नियमितता, शैक्षिक उपलब्धिको वर्तमान अवस्थाको बारेमा जानकारी पाइएको छ ।

**(ग) अन्तर्वार्ता**

यस अध्ययनको लागि उद्देश्य पूरा गर्नका अध्ययन क्षेत्र भित्र पर्ने समूहसंग प्रत्यक्ष सहभागी भई अन्तर्वार्ता लिई आवश्यक पर्ने तथ्याङ्क संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

यस अध्ययनका लागि दुई वटा स्रोतलाई आधार वनाई तथ्याङ्क संकलन गरिएको छ। ती हुन्ः

३.४.१ प्राथमिक स्रोत - पश्नावली अन्तर्वाता, अवलोकन, छलफल आदिबाट संकलित सूचनालाई प्राथमिक स्रोतका रुपमा लिइएको छ।

३.४.२ द्वितीय स्रोत - तथ्याङ्क फारम, उपलब्धि मूल्याङ्कन फारम, जिल्ला शैक्षिक झलक, जिल्ला प्रोफाइल, जिल्ला शिक्षा योजना, शैक्षिक तथ्याङ्क केन्द्रिय विभाग, विद्यालय तहको शैक्षिक तथ्याङ्क आदिसंकलित सूचनालाई द्वितीय स्रोतका रुपमा लिइएको छ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस शोध अध्ययनलाई स्पष्ट पार्न विभिन्न सामग्रीहरूको आवश्यक पर्दछ । ती मध्ये तालिकीकरण, प्रतिशतदर विश्लेषण, तुलनात्मक अध्ययन व्याख्या विश्लेषण आदि पर्दछन् यी मध्ये यस अध्ययनलाई स्पष्ट पार्न शुरुमा तथ्याङ्कलाई तालिकामा देखाई त्यसको व्याख्या विश्लेषण गरिएको छ त्यसपछि क्रमशः तथ्याङ्कलाई प्रतिशतमा देखाई व्याख्या, तुलनात्मक अध्ययन गरी व्याख्या गरी अध्ययन कार्यलाई पूरा गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको व्याख्या, विश्लेषण तथा प्रस्तुतिकरण

### ४.१ माध्यमिक तहमा महिला शिक्षकको सहभागिता

शैक्षिक सुधारका लागि सम्पूर्ण मानस समुदाय सामुहिक रुपमा सक्रिय हुनुपर्दछ । यसको अभावमा शैक्षिक विकास हुनु गाह्रो हुनाले वर्तमान समयमा शिक्षाको विकासमा भएको असमानताका कारणले गर्दा छात्रावर्ग तथा महिलाको उपस्थिति कम देखिएको पाइन्छ । यसलाई बढाउनको लागि भएको समस्या तथा वर्तमान शैक्षिक प्रणालीमा महिला सहभागिताको वारेमा यस अध्ययनले भूमिका खेल्ने विश्वास गरिएको छ ।

#### ४.१.१ माध्यमिक तहमा महिला शिक्षकको वर्तमान अवस्था

नेपालमा माध्यमिक तहका वालवालिकाहरूलाई उचित र सवल शिक्षा दिन महिला शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । जसमध्ये पनि पुरूषको तुलनामा महिला शिक्षकको धेरै महत्वपूर्ण स्थान रही वालवालिकाहरूले सिकाई लाई सजिलैसँग अगाडि वढाउछन् । त्यसैले यस शोधकार्य पूरा गर्नका लागि पनि माध्यमिक तहमा महिला शिक्षकको अवस्था कस्तो छ ? भन्ने वारेमा विशेष गरी ताप्लेजुङ्ग जिल्लालाई अध्ययन क्षेत्र वनाई अनुसन्धान गरिएको छ । यसको लागि अध्ययन क्षेत्रमा महिला शिक्षाकको वर्तमान सहभागिताको बारेमा उल्लेख गरिएको छ ।

**तालिका नं.२ अध्ययन क्षेत्रमा महिला शिक्षक सहभागिताको वर्तमान अवस्था विवरण**

| क्र.स. | विद्यालयको नामावली | शिक्षक | महिला शिक्षक | जम्मा शिक्षक | अनुपात | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | ५ | ० | ५ | ० | ०% |
| २ | नारायणी उ.मा.वि. साँघू | ४ | १ | ५ | ०.२५ | २०% |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | ५ | ० | ५ | ० | ०% |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | ५ | १ | ६ | ०.२ | १६.६% |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | ५ | ० | ५ | ० | ०% |
|  | जम्मा | २४ | २ | २६ | ०.०८ | ७.८९% |
|  | ताप्लेजुङ्ग | ११३ | ५ | ११८ | ०.०४ | ४.२३% |

स्थलगत सर्वेक्षण, २०६६

उल्लेखित तालिकाको आधारमा महिला शिक्षकको वर्तमान अवस्थाको वारेमा अध्ययनगर्दा अध्ययन क्षेत्रमा ७.६९%(०.०८ अनुपात) मध्ये सवैभन्दा वढी २०%, सबैभन्दा कम २ ओटा विद्यालयमा महिलाहरूको सहभागिता नै देखिदैन त्यसैले ०% मात्र रहन गएका छन् । जिल्लाको अवस्थामा महिला शिक्षक प्रतिशत ४.२३% रहेको छ । यसरी समग्रमा हेर्दा जिल्लाको महिला शिक्षकको अवस्था भन्दा अध्ययन क्षेत्रमा महिला शिक्षकको अनुपात धेरै देखिएतामा पनि पुरूष शिक्षकको हकमा महिला शिक्षकको अनुपात न्यून रहेको छ । यसरी महिला शिक्षक कम रहनुमा गरीबी, अशिक्षा, चेतनाको कमि, भेदभाव आदिलाई लिन सकिन्छ यस्ता प्रथालाई हटाउन महिला सशक्तिकरण, जनचेतना र लैङिगक समविकासका कार्यक्रमहरूलाई बढाउनु यस अध्ययन क्षेत्रमा पनि जरुरी देखिन्छ ।

### ४.१.२ माध्यमिक तहमा महिला शिक्षकहरूको सेवा विवरण

शिक्षा क्षेत्रको महत्वपूर्ण खुडकिलोको रुपमा रहेको माध्यमिक तहमा कार्यरत महिला शिक्षकहरूले शिक्षाको प्रकाश दिलाउनमा धेरै सहयोग पुऱ्याउँछ । त्यस्तै यस तहमा अध्यापन गराउने महिला शिक्षकले विद्यार्थीहरू (विशेषगरी छात्राहरूलाई) हौसला प्रदानगरी सिकाइमा सहयोग पुऱ्याउन मद्दत गर्दछ । यसको लागि पर्याप्त महिला शिक्षकको आवश्यक पर्दछ साथै उनीहरूलाई हौसला सेवा सुविधा तथा सुरक्षाको उत्तिकै महत्वपुर्ण भूमिका हुनुपर्छ । त्यसैले यस क्षेत्रमा अध्ययन गरिरहेका महिला शिक्षाको अवस्थाको वारेमा तलको विवरण उल्लेख गरिएको छ ।

तालिका ३ शिक्षकहरूको सेवा अवस्था

| क्र.स. | विवरण | अध्ययन क्षेत्र | | जिल्ला | |
|---|---|---|---|---|---|
| | | महिला शिक्षक | जम्मा शिक्षक | महिला शिक्षक | जम्मा शिक्षक |
| १ | स्थाई | ० (०%) | ५ | २ (४०%) | ६९ |
| २ | अस्थाई | २ (१२.५%) | १६ | ३ (१८.७%) | २८ |
| ३ | राहत | ० (०%) | २ | ०- | १० |
| ४ | निजी/अन्य | ० (०%) | १ | ०- | ८ |
| | जम्मा | २ (८.३%) | २४ | ५ (४%) | ११८ |

स्थलगत सर्वेक्षण, २०६६

उल्लेखित तालिकाको आधारमा माध्यमिक तहमा स्थाई महिला शिक्षकको अवस्था अध्ययन क्षेत्रमा पाइन्दैन । त्यस्तै जिल्लामा ४०% रहेको पाइन्छ । यस तालिकालाई अध्ययन गर्दा जिल्लाको अवस्थाको तुलनामा अध्ययन क्षेत्रमा महिला शिक्षकको अवस्था शून्य देखिन्छ । अस्थायी रुपमा कार्यरत महिला शिक्षकको अवस्था अध्ययन क्षेत्रमा १२.५% जिल्लामा १८% र देखिनुले र अध्ययन क्षेत्रमा जिल्लाको अनुपातमा महिला शिक्षकको अनुपात न्यून रहेको छ । त्यसै राहत शिक्षकको वितरणको अवस्था हेर्दा जिल्लामा र अध्ययन क्षेत्रमा महिला शिक्षकको सहभागिता नै देखिन्दैन र निजिस्रोत शिक्षको अवस्थापनि जिल्ला र अध्ययन क्षेत्रमा ०% रहेको पाइन्छ । यस अध्ययनले के देखाउछ भने महिला शिक्षकको सङख्या वढाई वालवालिकालाई गुणस्तरीय शिक्षा दिनु जरुरी छ ।

### ४.१.३ महिला शिक्षकको तालिममा सहभागिता

शिक्षामा गुणत्मक विकासको लागि योग्यता दक्षताका साथै तालिमको जरुरत पर्दछ । तालिम प्राप्त व्यक्तिले मात्रै व्यवहारिक ज्ञान सीप दिनका लागि अगाडि वढाउन सक्दछन् । त्यसैले यस खध्ययन क्षेत्रमा रहेको सम्पूर्ण शिक्षक मध्ये पनि महिला शिक्षकको तालिम अनुभव कस्तो रहेको छ ? भन्ने वारेमा तलको तालिकाबाट प्रष्ट पार्न खोजिएको छ ।

**तालिका नं.४ महिला शिक्षकहरूको तालिमको विवरण**

| क्र.स. | विवरण | पूर्ण तालिम प्राप्त | आंशिक तालिम प्राप्त | तालिम अप्राप्त | जम्मा |
|---|---|---|---|---|---|
| १ | अध्ययन क्षेत्रको | १ (५०%) | १ (५०%) | - | २ |
| २ | ताप्लेजुङ्ग | ३ (६०%) | २ (४०%) | - | ५ |

स्थलगत सर्वेक्षण, २०६६

माथि उल्लेखित तालिकाबाट महिला शिक्षकको तालिम अनुभव हेर्दा पूर्ण तालिम प्राप्त महिला शिक्षकहरू अध्ययन क्षेत्रमा ५०% र जिल्लामा ६०% र नेपालमा २०% रहेको देखिन्छ । माथिको तालिकामा शिक्षक महिलाको तालिम प्राप्त देखिएता पनि सङख्यात्मक रुपमा न्यून रहेको देखिन्छ ।

### ४.१.४ शिक्षणमा महिला सहभागिता

बालबालिकालाई राम्रो बनाउनेकाम शिक्षकको शिक्षण कार्यमा निर्भर हुन्छ भनाई नै छ "विद्यार्थीले जानेनन् भने शिक्षकले पढाएनन्" त्यसैले शिक्षक ज्यादै सक्षम लगनशील प्रभावभशाली हुनुपर्दछ । जसबाट वालकको व्यवहारमा परिवर्तन गरी सक्षम वनाउन सक्नुपर्छ । यस्तो सिकाई गर्नका लागि अध्ययन क्षेत्र भित्रका महिला शिक्षकहरूको शिक्षणमा सहभागिताको वारेमा जानकारी आवश्यक हुन्छ । त्यसैले यसलाई निम्न तालिकामा ध्यान दिन आवश्यक देखिन्छ ।

**तालिका नं.५ महिला शिक्षकको शिक्षणमा सहभागिता**

| क्र.स. | विवरण | महिला शिक्षक सङख्या | विषयगत घण्टी | अतिरिक्त घण्टी | जम्मा घण्टी |
|---|---|---|---|---|---|
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | × | × | × | × |
| २ | नारायणी उ.मा.वि. साँघू | १ | २ | ३ | ५ |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | × | × | × | × |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | १ | १ | ४ | ५ |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | × | × | × | × |

स्थलगत अध्ययन, २०६६

उल्लेखित तालिकाबाट महिला शिक्षकको शिक्षणमा सहभागितामा विषयगत घण्टी २ र १ अतिरिक्त घण्टी क्रमश ३ र ४ रहेको छ । यस तालिकाबाट के थाहा पाउन सकिन्छ भने जुन विद्यालयमा महिला शिक्षक छन् ती विद्यालयमा अतिरित्त घण्टी धेरै लिएको छ ।

### ४.१.५ विद्यालय, शिक्षक, महिला शिक्षक तथा विद्यार्थीहरूको अवस्था

वर्तमान अवस्थामा सवैका लागि शिक्षा तथा शिक्षमा समान अवसर भन्ने नाराको आधारमा माध्यमिक तहमा कस्तो अनुपात छ भन्ने वारेमा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका नं.६ विद्यालय, शिक्षक र विद्यार्थी अनुपात अवस्था**

| क.स. | विवरण | अध्ययन | जिल्ला अनुपात | नेपालमा अनुपात |
|---|---|---|---|---|
| १ | विद्यार्थी विद्यालय अनुपातत्र | १.५ | १.४ | २.१ |
| २ | शिक्षक विद्यालय अनुपात | २०.८ | २१.४ | १९.३ |
| ३ | विद्यार्थी शिक्षक अनुपात | ७.५ | ६.१ | ९.० |
| ४ | महिला शिक्षक विद्यालय अनुपात | ४०.० | १८.५ | ४०.० |
| ५ | विद्यार्थी महिला शिक्षक अनुपात | ०.६ | ०.२ | १.३ |
| ६ | छात्रा महिला शिक्षक अनुपात | १.३ | ०.५ | १.४ |
| ७ | विद्यार्थी तालिम प्राप्त शिक्षक अनुपात | ७.५ | ५.८ | ९.४ |

स्थलगत सर्वेक्षण, २०६६

उपरोक्त तालिकालाई अध्ययनगर्दा अध्ययन क्षेत्रमा विद्यार्थी विद्यालय अनुपात १.५६, जिल्लामा १.४, र नेपालमा २.१ रहेको छ । यसबाट जिल्लामा भन्दा संख्यात्मक रुपमा वढी विद्यार्थीहरू अध्ययन क्षेत्रमा रहेको छ भने शिक्षक विद्यालय अनुपात अध्ययन क्षेत्रमा २०.८ जिल्लमा २१.४ र नेपालमा १९.३ रहेको यस अध्ययनमा जिल्लामा भन्दा अध्ययन क्षेत्रमा कम नै शिक्षक विद्यालय अनुपात रहेको छ । विद्यार्थी शिक्षक अनुपात अध्ययन क्षेत्रमा ७.५ जिल्लामा ६.१ र नेपालमा ९.० रहेको छ यस अध्ययनबाट जिल्लामा भन्दा अध्ययन क्षेत्रमा वढी नै रहेको छ । त्यसै गरी क्रमशः महिला शिक्षक विद्यालय अनुपात अध्ययन क्षेत्रमा ४०.० जिल्लामा १८.५ र नेपालमा ४०.०, विद्यार्थी महिला शिक्षक अनुपात क्रमशः ०.६, ०.२ र १.३ रहेको छ त्यस्तै छात्रा महिला शिक्षक अनुपात १.३, ०.५, १.४ र विद्यार्थी तालिम प्राप्त शिक्षक अनुपात ७.५, ५.८ र ९.४ रहेको छ यस अध्ययनबाट अध्ययन क्षेत्रमा जिल्लामा भन्दा कम महिला सहभागिता रहेको छ ।

### ४.१.६ विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता

विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार गर्नको लागि विद्यालय व्यवस्थापन समितिमा महिलाहरूलाई सहभागी गराउनु पर्छ भन्ने शिक्षा ऐनको दफा -१२ को उपदफा-१ को आधारमा प्रत्येक विद्यालयमा कम्तिमा १ जना महिलालाई अनिवार्य समावेश गर्नुपर्छ भन्ने मान्यता रहेको

पाइन्छ । त्यसैगरी विद्यालय व्यवस्थापन समितिमा १० जना सदश्य रहने व्यवस्था छ अध्ययन क्षेत्रमा व्यवस्तापन समितिमा महिलाको सहभागिता निम्न छ ।

**तालिका नं.७ विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता**

| क्र.स. | विवरण | जम्मा सङख्या | पुरूष सङख्या | महिला सङख्या | महिला % | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वि.व्य.स.अध्यक्ष | ५ | ५ | - | ०% | |
| २ | वि.व्य.स.सदस्य | ४५ | ४० | ५ | १०% | |
| | जम्मा | ५० | ४५ | ५ | १०% | |

स्थलगत सर्वेक्षण, २०६६

उल्लेखित अध्ययन क्षेत्रमा वि.य.स. अध्यक्षको पदमा महिलाका सहभागिता देखिदैन भने सदश्यको सङख्यामा १०% रहेको देखिन्छ । त्यसैले जम्मा वि.व्य.स.अध्यक्षको संङख्या ५ जनामा महिलाकै संङख्या नहुनुमा महिला प्रति पुरूषको हेराइको दृष्टिकोणमा फरक, महिलाहरूमा चेतनाको अभाव आदि हुन सक्छ त्यस्तै सदश्य संङख्यामा ४५ जनामा महिला ५ जना मात्र रहनु भनेको पनि अति न्यून मात्र सहभागि हुनु हो ।

जवारा (२०५८) ले विद्यालयको चौतर्फी विकास गर्नका लागि मानवीय संसाधनको उपयुक्त व्यवस्था गर्नुपर्ने देखिन्छ । अध्ययन क्षेत्रमा समाजमा बढी भाग ओगटेको महिला समूदायले विद्यालयको व्यवस्थापकीय पक्षमा कम सहभागिता हुने गरेको तथा यसबाट कम निणर्य क्षमता भएको कारणले मानव संसाघनको कुशल व्यवस्थापन हुनु सजिलो नहुने देखिन्छ । त्यसैले शिक्षा प्रक्रिया प्रशासकीय आदिमा मात्रै नभई व्यवस्थापकीय क्षेत्रमा पनि महिला सहभागिता वृद्धि गराउन आवश्यक रहेको पाइन्छ ।

माध्यमिक तहमा महिला शिक्षकको सहभागिताको स्थितिलाई अध्ययन गर्दा अध्ययन क्षेत्रमा जिल्लाको स्थिति भन्दा सहभागिता बढिरहेको देखिएता पनि शिक्षकको स्थिति भन्दा अत्यन्त न्यून नै रहेको छ । त्यस्तै सेवा विवरणमा सम्पूर्ण महिला शिक्षक अस्थायी रुपमा कार्यरत रहनुका साथै न्यून अवस्था छ । तालिममा महिला शिक्षक अवस्थालाई अध्ययन गर्दा सम्पूर्ण तालिमप्राप्त नै रहेको छ भने व्यवस्थापन समितिमा महिलाको सहभागिता अत्यन्त न्यून रहेको छ ।

नेपाल समाजको आधा क्षेत्रफल ओगटेका महिलाको हरेक क्षेत्रमा कम सहभागिता हुनुमा मानव संसाधनको व्यवस्थापनमा असजिलो हुनु नै रहेको छ । त्यसैले यी यस्ता सम्पूर्ण क्षेत्रदेखि लिएर तह र संस्थाहरूमा महिलाको सहभागिता न्यून रहेकाले यसलाई वृद्धि गरी समानता पुऱ्याउन नितान्त आवश्यक रहेको छ ।

## ४.२ माध्यमिक तहमा महिला शिक्षकको संलग्नताले शिक्षण सिकाइमा खेलेको भूमिकाः

वर्तमान शैक्षिक व्यवस्थापनमा न्यून मात्रामा रहेको महिला शिक्षकहरूले आफनो सिकाई क्रियाकलापको आधारमा कस्तो भूमिका रहेको छ सोको बारेमा अध्ययन गर्नका लागि विशेष गरी अध्ययन क्षेत्रमा रहेको विद्यार्थीको वर्तमान अवस्थाको बारेमा तुलनात्मक अध्ययन गर्नु आवश्यक रहेको छ ।

### ४.२.१ अध्ययन क्षेत्रमा माध्यमिक तहका विद्यार्थीको स्थिति

अध्ययन क्षेत्रमा अध्ययनरत विद्यार्थीहरूको अवस्था कस्तो छ ? भन्ने वारेमा तुलनात्मक रुपमा २०६४-२०६६ शैक्षिक सत्र सम्मको अधययन गरी सो बाट भएको तथ्याङ्कको आधारमा विद्यार्थीहरूको प्रवाहको अध्ययन गरिएको छ ।

### ४.२.२ नमूना छनौट गरिएको माध्यमिक तहमा छात्रछात्राको भर्ना स्थिति २०६४-०६६

ताप्लेजुङ्ग जिल्लाको मा.वि.तहमा महिला शिक्षकको शिक्षण सिकाईलाई अध्ययन गर्नकालागि नमूना छनौट गरिएको विद्यालयमा छात्रको भर्ना सहभागिता निम्न रहेको छ । अध्ययन क्षेत्रमा कक्षा ९ मा छात्रा भर्ना अवस्था शै.स. २०६४, ०६५ र ०६६ मा क्रमश : ४६, ४९, ५० प्रतिशत रहेको छ । शै.स. २०६४, ०६५ र ०६६ मा कक्षा १० को भर्ना अवस्था ३८, ५७ र ५० प्रतिशत रहेको पाइन्छ (अनुसूचि I, II, III) । उक्त तीन शैक्षिक सत्रको भर्ना अनुपातलाई हेर्दा सामान्य रुपमा भर्ना प्रतिशत वृद्धि भएको भए पनि सकारात्मक नै रहेको पाइन्छ । पछिल्लो दुई चरणमा छात्राको भर्ना अवस्था केही वृद्धि भएजस्तो देखिन्छ ।

उपाध्याय (वि.स. २०६१) ले दैलेख जिल्लामा माध्यमिक तहको शिक्षामा छात्रा सहभागिता एक अध्ययनबाट २०५७, ०५८ र ०५९ मा रहेको छात्रा भर्ना प्रतिशत क्रमश : ४०.२%, ४१.२३% र

५२.२६% रहेकोमा अध्ययन क्षेत्रको भर्ना प्रतिशत ४२, ५३ र ४९ रहेको देखाइएको छ । जुन तुलनात्मक रुपमा रहेको पाइन्छ ।

**४.२.३ माध्यमिक तहमा कक्षा दोहोऱ्याउने छात्र/छात्राको अवस्था २०६४-२०६६**

अनुसूचिमा उल्लेखित तालिकाहरू अनुसार छात्रा कक्षा दोहोऱ्याउनेको अवस्था हेर्दा कक्षा ९ मा शै.स. २०६४, ०६५ र ०६६ सालममा क्रमश :५७, ५४, ५८ रहेको देखिन्छ भने कक्षा १० मा कक्षा छोड्ने अवस्था तीनवटै वर्षमा ० प्रतिशत रहेको देखिन्छ। समग्रमा माथिको प्रतिशतलाई हेर्दा छात्राहरूको कक्षा दोहोऱ्याउने अवस्था सुधारउन्मुख कक्षा १० मा देखिन्छ भने कक्षा ९ मा यथास्थितिमा रहेको देखिन्छ। यसरी यस अध्ययनबाट छात्र भन्दा छात्रा कक्षा दोहोऱ्याउने वढी संख्या देखिन्छ (अनुसूचि IV, V र VI) ।

सापकोटा (वि.स. २०६०) ले महिलाको शैक्षिक अवस्था सुर्खेतमा गरिएको अध्ययनमा कक्षागत रुपमा छात्र भन्दा छात्राको सङख्या निकै न्यून परीक्षाको नतिजाबाट रहेको साथै साक्षरतामा पनि निकै कम रहेको अधययन प्रतिवेदनले देखाएको छ। सुर्खेतमा जस्तै अवस्था यस अध्ययन क्षेत्रमा पनि रहेको भएपनि क्रमश : सुधार उन्मूख रुपमा आउदै गरेको पाइनु समान रुपमा ल्याउनुको लागि निःशुल्क, अनिवार्य शिक्षा, महिला आरक्षण, छात्रवृत्ति प्रदान गरी प्रभावकारी शिक्षण गर्न सकेमा दोहोऱ्याउने प्रतिशतलाई घटाउन सकिन्छ ।

**२.२.४ माध्यमिक तहमा नै वीचैमा कक्षा छोड्नेदर अवस्था विवरण २०६४-२०६६**

अनुसूचिमा उल्लेखित ३ शैक्षिक सत्रमा विचैमा कक्षा छोड्ने अवस्थाको वारेमा अध्ययन क्षेत्रमा गरिएको तथ्याङ्कको आधारमा छात्राहरूको वीचैमा कक्षा कक्षा छोड्नको अवस्था कक्षा ९ मा २०६४ सालमा १६, ०६५ सालमा ३० र ०६६ सालमा ६६ प्रतिशत रहेको पाइन्छ त्यस्तै कक्षा १० मा वीचैमा कक्षा छोड्नेको अवस्था ०६४, ०६५ र ०६६ को क्रमश: ५०, ० र ६४ प्रतिशत रहेको पाइन्छ (अनुसूचि VII, VIII, IX) ।

आचार्य (२०६०) ले विचैमा कक्षा छाड्नका कारण एक अध्ययनमा सुर्खेत जिल्लामा गरिएको बीचैमा कक्षा छोड्नको अवस्था धेरै रहेको देखाइएको छ । सो को आधारमा यस क्षेत्रमा पनि तुलनात्मक रुपमा धेरै नै भएपनि क्रमशः छात्रका तुलनामा छात्राको वीचैमा कक्षा छोड्ने अवस्था सुधारोन्मुक देखिन्छ । यस्तो प्रवित्तिलाई हटाउनको लागि सरकारले नीति नियमलाई सैद्धान्तिक र व्यवहारिक रुपमा सुधार गरी सम्वन्धित सवै पक्षले पहल गर्ने सकिने देखिन्छ यसरी अनुसूचि X, XI र XII बाट अध्ययन क्षेत्रमा ०६५ सालमा कक्षा छोड्नेको अवस्था धेरै सुधारात्मक अवस्था रहेको छ भने ०६६ साल पुन त्यसलाई न्युनिकरण गर्न सकिएको देखिदैन ।

**४.२.५ माध्यमिक तहमा छात्र/छात्राको वसाईसराई भएर आउनेको अवस्था ०६४-०६६**

अनुसूचिमा उल्लेखित वसाई सरेर आउने ३ ओटा शैक्षिक सत्रको तालिकालाई अध्ययन गर्दा कक्षा ९ को २०६४ मा ३८, २०६५ मा १८ र २०६६ सालमा ५० प्रतिशत रहेको छ । त्यस्तै कक्षा १० मा २०६४, ०६५ र २०६६ मा क्रमश : वसाई सरेर आउने छात्राको ३९, १८, ५० प्रतिशत रहेको छ अनुसूचि (X,XI र XII) बाट । ०६४ सालमा भन्दा ०६५ सालमा क्रमशः वसाई सरेर आउनेको सङख्या घट्दो रहेको छ । भने ०६६ सालमा केही वढेर आएको छ अनुसूचि (X,XI र XII) ।

माध्यमिक तहमा महिला शिक्षकको संलग्ताले शिक्षण सिकाईमा खेलेको भूमिकाको बारेमा अध्ययन क्षेत्रमा सुक्ष्म अध्ययन गर्दा छात्र छात्राको भर्नाको अवस्था सुरुका वर्षहरूमा न्यून रहेको छ भने पछिका वर्षहरूमा क्रमशः वृद्धि हुँदै गएको छ । त्यस्तै कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने अवस्था पनि क्रमशः सुधारोन्मुख अवस्थामा रहेको छ । बसाइँ सरेर आउने अवस्था सुरुका वर्षमा कम हुनका साथै पछिल्ला वर्षहरूमा क्रमशः वृद्धि भएको छ ।

माध्यमिक तहमा छात्राहरूको भर्ना स्थिति कक्षा छाड्ने, बसाइँ सराई अवस्था घटाउनको लागि निःशुल्क र अनिवार्य शिक्षा प्रदान गर्नुको साथै छात्राहरूलाई छात्रा छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने त्यस्तै उनीहरूको मनोविज्ञान बुझी शिक्षण गर्न सकिने यस्ता कार्य घट्न सक्ने देखिन्छन् ।

## ४.३ माध्यमिक तहमा महिला शिक्षकको प्रभावकारी शिक्षण

गुणस्तरिय शिक्षा पाउनको लागि शिक्षण प्रभावकारी व्यवहारिक तथा वैज्ञानिक हुनुपर्छ उपयुक्त वातावरणमा वाल मनोविज्ञान तथा वालमैत्री क्रियाकलापको आधारबाट मात्र प्रभावकारी सिकाई वढी सम्भव हुने गर्दछ । यसका लागि शिक्षक असल वन्न सक्नुपर्छ । विशेष गरी माध्यमिक

तहमा महिला शिक्षकको महत्व वढी हुन्छ । तर महिला शिक्षकको उपस्थितिले मात्र हुदैन, त्यति नै सक्षम पनि हुनुपर्छ । यस्तो न्यून मात्राका संख्यात्मक रुपमा रहेको महिला शिक्षकको अवस्था गुणात्मक रुपमा खासै सक्षम देखिदैन । तथापि अध्ययन कार्यमा निरन्तर सकारात्मक प्रयास भने भई रहेको पाइन्छ । यस्तो न्यून मात्रामा रहेको महिला शिक्षकको शिक्षणमा विद्यार्थीहरूमा परेको प्रभावको वारेमा विद्यार्थीहरूको धारणा निम्न तालिकामा रहेको छ ।

### ४.३.१ महिला शिक्षकको सिकाइप्रति विद्यार्थीको धारणा

पाठ्यक्रमले राखेको उद्देश्य पूरा गर्न पाठ्यपुस्तकहरू बनाइएका हुन्छन् । यस्ता पाठ्यपुस्तकका माध्यमबाट पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्न शिक्षण सिकाईमा महिला शिक्षकको शिक्षणलाई विशेष महत्वका साथ लिने चलन छ । यसरी महिला शिक्षकले शिक्षण गर्दा विद्यार्थीहरूले सिकाईप्रति कस्तो धारणा राखेका हुन्छन् भन्ने निम्न तालिकाबाट देखाइएको छ ।

**तालिका नं. ८ महिला शिक्षकको सिकाइमा विद्यार्थीले दिएको धारणा**

| क्र.स. | विवरण | जम्मा | विद्यार्थीको सङख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | दैनिक तीन विषय सम्म पढाउने | १० | ३ | ३० |
| २ | दैनिक एक विषय सम्म पढाउने | १० | ६ | ६० |
| ३ | कहिलेकाही मात्र पढाउने | १० | १ | १० |
| ४ | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | १० | ६ | ६० |
| ५ | शिक्षणमा छात्रालाई मात्र सहभागिताको मौका दिने | १० | ३ | ३० |
| ६ | शिक्षणमा छात्र/छात्रा दुवैलाई मौका दिने | १० | ७ | ७० |
| ७ | विद्यार्थीप्रति माया ममता वढी राख्ने | १० | ९ | ९० |
| ८ | किताव अन्य सामाग्रीको प्रयोग गर्ने | १० | ६ | ६० |
| ९ | सामग्रीको मात्र प्रयोग गर्ने | १० | २ | १० |
| १० | कितावको मात्र प्रयोग गर्ने | १० | २ | २० |
| ११ | दैनिक गृहकार्य दिने | १० | ६ | ६० |
| १२ | कहिलेकाही गृहकार्य दिने | १० | ४ | ४० |
| १३ | महिला शिक्षकहुदा रमाइलो हुने | १० | ८ | ८० |
| १४ | प्रभावकारी शिक्षण सिकाई भएको र महिला शिक्षकको | १० | ३ | ३० |

स्रोत : स्थलगत अध्ययन, २०६६

तालिकाको अध्ययनले, जम्मा १० जना विद्यार्थीमा अध्ययन क्षेत्रबाट लिइएको नमूनाको आधारमा महिला शिक्षकले विद्यालयमा शिक्षण सिकाई क्रियाकलापमा दैनिक एक विषयमात्र एउटा कक्षाका पढाउने ६०%, ३ विषय पढाउने ३०% र कहिलेकाँही मात्र सिकाउने १०% रहेको छ भने विषय शिक्षण मात्र नभएर अतिरिक्त क्रियाकलपमा सहभागिता गराउने ६०% महिला शिक्षकले गरेको पाइन्छ । सिकाई क्रियाकलापमा विद्यार्थी सवैलाई सहभागिता गराइएको भन्ने ७०% विद्यार्थीको धारणा रहेकोछ । प्रायः सवै महिला शिक्षकले विद्यार्थी माथि माया ममता प्रदान गरेको पाइन्छ । यसैगरी सिकाईको क्रममा ६०% महिला शिक्षकले किताव तथा अन्य सामाग्रीको प्रयोग गरेको २०% ले कितावको मात्र प्रयोग गरेको तथा १०% ले सामाग्रीको मात्र प्रयोग गरेको पाइन्छ । दैनिक क्रियाकलाप पछि ६०% महिला शिक्षकले मात्र नियमित गृहकार्य दिइएको तथा ४०% ले कहिलेकाँही मात्र दिएको पाइन्छ । भने महिला शिक्षक नहुँदा नरमाइलो तथा असजिलो हुने विद्यार्थीको सङख्या पनि ८०% रहेको महिला शिक्षाको उपस्थित नभएमा विद्यार्थीको सिकाइमा पनि प्रभावपर्ने देखिन्छ । विद्यालयमा महिला शिक्षकको शिक्षण सिकाई प्रभावकारी रहेको ३०% विद्यार्थी धारणा रहेको छ । यसबाट सिकाईको क्रममा दुवै शिक्षक महिला शिक्षकको महत्वपूर्ण भूमिका रहेको देखिएको छ ।

### ४.३.२ शिक्षणमा महिला शिक्षकको अवस्था

माध्यमिक विद्यालयमा अध्यापनरत महिला शिक्षकले माध्यमिक तहका विद्यार्थीलाई अध्यापन गराउँदा महिला शिक्षकको अवस्था कस्तो रहेको छ भन्ने निम्न तालिकाबाट देखाइएको छः

**तालिका नं.९ शिक्षणमा महिला शिक्षकको अवस्था**

| क्र.स. | विवरण | जम्मा | म.सङख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | विषय शिक्षण | ५ | ३ | ६० |
| २ | शिक्षणमा विद्यार्थीको राम्रो रुचि | ५ | ४ | ८० |
| ३ | शिक्षणप्रति प्र.अ.को राम्रो व्यवहार | ५ | ४ | ८० |
| ४ | विद्यार्थी केन्द्रित विधिबाट शिक्षण | ५ | ५ | १०० |
| ५ | प्र.अ.को शिक्षक/महिला शिक्षक वीच राम्रो व्यवहार | ५ | ५ | १०० |

स्थलगत सर्वेक्षण, २०६६

तालिकाको अध्ययन तथा विश्लेषण गर्दा जम्मा ५ ओटा विद्यालयमा प्रत्येकबाट १ जनाको दरमा गरिएको प्रश्नावलीको आधारमा ६०% महिला शिक्षकले विषय शिक्षण, गरेको पाइन्छ । त्यस्तै विद्यार्थीहरूलाई महिला शिक्षकले पढाएको कुरा रुचिपूर्ण लागेको ८०% रहेको कुरा महिला शिक्षकको धारणा छ । यसरी विद्यालयमा अध्ययन गरी रहेका महिला शिक्षकले प्र.अ.ले दिएका जिम्मेवारी राम्रो भएको धारणा ८०% को रहेको छ । भने सिकाई क्रियाकलापमा विद्यार्थी केन्द्रित विधिबाट १००% अथवा सवैले विद्यार्थी केन्द्रित विधिबाट शिक्षण गरेको पाइन्छ । भने प्र.अ.ले सवै शिक्षक महिला शिक्षकलाई समान रुपमा व्यवहार गरेको पाइन्छ ।

ओभ्ता (२०६१) ले शिक्षण पेशामा महिलाहरूको सहभागिता प्रवेशको सम्बन्धमा गरिएको एक अध्ययनमा नेपालको धर्म संकृति संस्कार पितृसतात्मक समाजको संरचनामा हुर्केको नेपाली महिला आधा शक्तिको रुपमा देखिएपनि व्यवहारमा भने गम्भिर र संम्वेदनशिल र असमानता भित्र हुर्केको हुनाले सहभागिता न्यून देखिएको छ । यसलाई सरकारको विशेष योजनाका साथ प्राथमिकता प्रदान गरी हालको २५% सहभागिता बढाई अन्य देश भारतमा ६०%, श्रीलङ्कामा ८०% को वरावरमा महिला शिक्षक वढाई प्रभावकारी शिक्षणमा व्यवस्थापन गर्नु आवश्यक रहेको छ ।

### ४.३.३ महिला शिक्षकको शिक्षण कार्यमा विद्यालय व्यवस्थापन समिति अध्यक्षको धारणा

माध्यमिक तहमा महिला शिक्षकले शिक्षण गर्दा उनीहरूले विद्यालयलाई कुन अवस्थामा डोहोऱ्याएका हुन्छन् भन्ने अवस्थालाई विद्यालय व्यवस्थापन समितिले राखेको धारणालाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. १० महिला शिक्षकको शिक्षणकार्यमा वि.व्य.स. अध्यक्षको धारणा**

| क्र.स. | विवरण | जम्मा | महिला सङख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | शिक्षणमा भन्दा आफ्नो व्यवहारमा वढी चासो | ५ | १ | २० |
| २ | सकारात्मक प्रभाव पारेको | ५ | ४ | ८० |
| ३ | अनुकरणीय प्रभाव पारेको | ५ | १ | २० |
| ४ | न्यून चेतनाको कारण कम सहभागी | ५ | ३ | ६० |
| ५ | सहभागिता वढाउन नियुक्तिमा महिला प्राथमिकता | ५ | ४ | ८० |
| ६ | सहभागिता वढाउन तालिम आवश्यक | ५ | १ | २० |

स्थलगत सर्वेक्षण, २०६६

तालिकामा अध्ययन क्षेत्रमा जम्मा ५ ओटा विद्यालयको वि.व्य.स. अध्यक्ष सँग लिएको धारणामा महिला शिक्षकको विद्यालयमा शिक्षण क्रियाकलापका वारेमा गरिएका प्रश्नावली अनुसार ८०% अध्यक्षहरूले महिला शिक्षकको सकारात्मक भूमिका र राम्रो प्रभाव पारेको पाइन्छ भने न्यून चेतनाको कारण नै कम सहभागी भएको भनेर ६०% अध्यक्षहरूको धारणा अनुसार यसलाई वढाउनको लागि नियुक्तिमा महिलालाई प्राथमिकता दिनु पर्ने ८०% वि.व्य.स. अध्यक्षको धारणा छ ।

दशौ योजना (२०५९-०६४) ले महिला विकासका सम्वन्धमा उल्लेख भएको दिर्घकालिन अवधारणामा दिगो आर्थिक वृद्धि र गरीवी निवारणको लक्ष्य हासिल गर्न महिला विरुद्धको सवै भेदभावहरू उन्मुलनगर्दै महिला विकासको परिसुचकमा अभिवृद्धि गरी महिला अधिकारको आधारमा समानता/समतामूलक समाज निर्माण गर्ने रहेको छ । त्यस्तै लैङिगक विकास सुचकको ०.५५० पुऱ्याउने, लैङिगक शसक्तिकरण मापन ०.५०० पुऱ्याउने, नीति निर्माणमा महिला सहभागिता कम्तिमा २०% पुऱ्याउने जस्ता परिणाम राख्ने भन्ने दशौँ योजनाको लक्ष्य रहेको छ ।

दशौ योजनाले शिक्षामा विद्ययमान चुनौतिलाई सामना गर्नका लागि शिक्षाको सम्पूर्ण संयन्त्रलाई परिचालन गरी महिला सशक्तिकरणमा जोड दिएको पाइन्छ । यसबाट न्यून उपस्थिति रहेको शिक्षामा महिला सहभागिता वढ्ने कुरा उल्लेख छ । यसबाट माथिको वि.व्य.स.अध्यक्षको धारणाबाट पनि महिला शिक्षक अवस्था न्यून भएमा पनि भूमिका सकरात्मक रहनुको दशौ योजनाको उद्देश्य अनुसार महिला सहभागिता वढाउन सकिएमा शिक्षामा अगाडि वढ्ने देखिन्छ ।

**४.३.४ महिला शिक्षकले शिक्षणमा पारेको प्रभावमा प्रध्यानाध्यापको धारणा :**

महिला शिक्षकले माध्यमिक तहमा शिक्षण गर्दा विद्यालयको शिक्षण सिकाई प्रक्रियाको साथसाथै अन्य कार्यहरूमा महिलाको भूमिका कस्तो रहन्छ भन्ने विषयमा प्रधानाध्यापकले दिएको धारणालाई निम्न तालिकामा देखाइएको छ ।

तालिका-१७ महिला शिक्षकले शिक्षणमा पारेको प्रभावमा प्र.अ.को धारणा

| क्र.स. | विवरण | जम्मा सङ्ख्या | उत्तरदाता प्र.अ. सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | वढी प्रसाशनिक जिम्मेवारी | ५ | १ | २० |
| २ | प्रभावकारी सिकाइमा वढी महिला शिक्षकको भूमिका | ५ | १ | २० |
| ३ | महिला शिक्षको छात्रा भर्नामा राम्रो प्रभाव | ५ | ३ | ६० |
| ४ | छात्राको समस्या समाधान | ५ | २ | ४० |
| ५ | नियुक्तिमा महिलालाई प्राथमिकता दिनु पर्ने | ५ | २ | ४० |
| ६ | न्यून योग्यताको कारण न्यून महिला शिक्षक सङ्ख्या | ५ | ३ | ६० |
| ७ | महिला शिक्षकमा नेतृत्वको कमि हुनु | ५ | १ | २० |
| ८ | सहभागिता वढाउन नीति नियममा परिवर्तन गर्नुपर्ने | ५ | ४ | ८० |
| ९ | महिला शिक्षकले गर्दा अभिभावकको चेतना विकास भएको | ५ | ३ | ६० |

स्थलगत सर्वेक्षण, २०६६

उल्लेखित तालिकाको आधारमा महिला शिक्षको आधारमा ५ जना प्र.अ. सँग सोधिएको प्रश्नावलीको आधारमा दिएको विवरण अनुसार २०% महिला शिक्षकले मात्र आफ्नो जिम्मेवारी पूरा गरेको छ । सिकाइ क्रियाकलापमा २०% महिला शिक्षको प्रभावकारी भूमिका रहेको छ । महिला शिक्षकको सहभागिताबाट ६०% महिला शिक्षकले मात्र छात्रा भर्ना वृद्धि र छात्रा समस्याको समाधान गरेको ४०% प्र.अ.को धारणा रहेको पाइन्छ । ४०% शिक्षकको शिक्षक नियुक्तिमा महिलालाई प्राथमिकता दिएको साथै न्यून योग्यताको कारण नै न्यून महिला शिक्षक सङ्ख्या भएको भन्ने ६०% प्र.अ.को भनाइ छ । २०% महिला शिक्षमा नेतृत्वको कमि भएको तथा थप महिला शिक्षक बढाउनको लागि ८०% वर्तमान नीति नियमलाई परिवर्तन गरी महिला शिक्षकको लागि विशेष योजना ल्याउनु पर्ने रहेको पाइन्छ । यसै गरी महिला शिक्षकले गर्दा अभिभावकको धेरै चेतनाको विकास भएको छ भन्ने ६०% प्र.अ.को धारणा रहेको छ । तालिकाबाट न्यून सङ्ख्या रहेको महिला शिक्षकले शिक्षणमा सकारात्मकरुपमा प्रभाव पारेको हुनाले थप सहभागिता वढाउन सकेमा माध्यमिक शिक्षामा प्रभावकारी उपलब्धि हुन सक्ने देखिएको छ ।

निजामती सेवा अध्यादेश (२०५९) मा महिलाको वर्तमान अवस्थालाई वढाउनको लागि सेवा सुविधाको वारेमा गरिएको छ । अवस्था ४० वर्ष सम्म उम्मेद्वार वन्न पाउने परिक्षणकाल ६ महिनामात्र हुने वढुवाको सम्भावना अवधि १ वर्ष कायमै उम्मेद्वार बन्न पाउने गर्भवती भएमा ( २ वटा वच्चा सम्म) २ महिना सुत्केरी विदा पाउने र सो को पुरै तलव पाउने व्यवस्था गरिएको छ । माथि उल्लेखित विभिन्न दफा उपदफामा महिलालाई सेवा सुविधा दिएको पाइन्छ । यो सेवा सुविधा शिक्षा क्षेत्रमा पनि प्राय: रहेको भएता पनि यसले मात्र सम्पूर्ण सहभागिता वढाउन नसकिने हुनाले हालको आरक्षणमा ५०% शिक्षणमा सहभागिता बढाउन सकेमा शिक्षण प्रभावकारी हुन सक्ने देखिन्छ ।

## ४.४ महिला शिक्षकको सहभागिता सम्बन्धी समस्या र समाधानको उपाय

### ४.४.१ महिला शिक्षकको सहभागिता सम्बन्ध समस्या

मानवीय समाजको सृष्टि नारी र पुरूष दुवैको समान सहभागिताबाट भएको हुन्छ । मानव सभ्यताको सुरुवातसँगै यी दुवै स्वतन्त्र व्यक्तित्व थिए । जीवन अति सरल थियो । कुनै सामाजिक जालो थिएन । आफ्नो पेट पाल्न नारीहरू पुरूषसरह खेतबारी, मेलापात गर्दै स्वतन्त्र थिए । व्यवहारिक जीवनमा हरेक क्षेत्रमा समान रुपले सहभागी हुँदै आएका थिए । तर कालान्तरमा सामाीजक विकृति र अज्ञानताका कारण आजको यस आधुनिक वर्तमान समयसम्म पनि त्यस परिवर्तनले महिला शिक्षामा प्रतिकूल असर पार्दै गएको पाइन्छ । त्यसै कारणले नै आज महिलाहरू पिछडिएको वर्गमा पनि गएका छन् । देशको आधा क्षेत्र ढाकेको महिला वर्गको मावन स्रोत खेर गइरहेको हुँदा आज देशको सर्वाङ्गीण विकासमा ठूलो वाधा परिरहेको छ । एकातिर घर, व्यवहारको बोझ छ भने अर्कोतिर समाजको विद्यमान परम्पराले गर्दा शिक्षण पेशामा महिला शिक्षकको सहभागिता न्यून देखिन्छ ।

महिला शिक्षकको शिक्षण सहभागिता सम्बन्धी जति समस्या ठूलो छ, त्यति सहभागिता बढाउनका लागि पनि समान अवसर तथा समान सहभागिताको नीति आवश्यक पर्दछ । यस्तो अवस्थामा महिलाको सहभागिता बढाउन चुनौति बनेको छ । यस्तो चुनौतिलाई सामना गरी सहभागिता बढाउनका लागि अध्ययन क्षेत्रमा गई प्रत्यक्षरुपमा सम्बन्धित व्यक्तिलाई (विद्यार्थी,

महिला शिक्षक, प्र. अ., वि. व्य. स. अध्यक्ष, जि. शि. अ. र वि. नि.) भेटघाट गरी निम्न समस्याहरू भइरहेको पाइन्छ ।

महिला शिक्षकको सहभागितामा समस्या रहनुमा योग्यतामा कमी,कम चेतनाको विकास, छुट्टै तालिमको व्यवस्था नहुनु, दरबन्दीको छुट्टै व्यवस्था नहुनु, नियुक्तिमा महिलालाई प्राथमिकता नदिनु, घरायसी काममा जोड दिनु, अध्यापन अनुमति पत्र न्यून महिलासँग रहनु, माथिल्लो निकायबाट प्रभावकारी व्यवस्थापन नहुनु, लैङ्गिक विभेद हुनु, असक्षम प्रशासन हुनु, महिलाको आरक्षण नहुनु, कम अनुभव हुनु, प्रतिस्पर्धामा कमजोर हुनु र घर अपायक जान नचाहनु जस्ता समस्याहरू रहेका छन् ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५३) ले ७०% महिलाहरू निरक्षर रहेको, प्राथमिक विद्यालय जाने उमेरका ६०% केटीहरू विद्यालय प्रवेश नै नगरेको पाइन्छन् भने ३९% केटीहरू मध्ये प्रा. वि. तहमा ४०.६%, नि. मा. वि. तहमा ३८% र माध्यमिक तहमा ३६.१% रहेको पाइन्छ (शैक्षिक तथ्याङ्क, २०५३) । यस्तो विद्यालयमा शिक्षण गर्ने महिला शिक्षकको अवस्था न्यून हुनुमा नकारात्मक सोचाइ, व्यापक निरक्षरता, गरिबी, प्रेरक तथा अगुवा महिलाको कमी, अव्यवहारिक पढाइ जस्ता कारणहरू उल्लेख गरिएको पाइन्छ ।

### ४.४.२ समस्या समाधानको उपाय

ताप्लेजुङ जिल्लाका महिलालाई समग्रमा अध्ययन गर्दा पुरूषको दाँजोमा साह्रै दयनीय अवस्था रहेको पाइन्छ । समाजमा शिक्षाको सुधार गर्नका लागि भएका प्रयासहरूबाट हालसम्म सुधार हुन नसक्नुमा 'एउटा मात्र हातले ताली बज्दैन' भनेझैँ महिला शिक्षकको सङ्ख्यामा कमी हुनु रहेको पाइन्छ । अझ एउटा पुरूष शिक्षित भएमा स्वयं आफूमात्र शिक्षित हुन्छ तर महिला शिक्षित भएमा सम्पूर्ण परिवारनै शिक्षित हुन्छ भनेजस्ता भनाइबाट महिला शिक्षकको सहभागिता बढी भएमा शिक्षण प्रभावकारिता बढ्ने देखिन्छ । यस्तो सहभागिता बढाउनका लागि गर्नु पर्ने कार्यका बारेमा अध्ययन क्षेत्रका सम्पूर्ण सरोकारवालासँग लिएको विचार निम्न रहेको पाइन्छ ।

माध्यमिक तहमा महिला शिक्षकको सहभागिता सम्बन्धी समस्याको समाधानका लागि छुट्टै महिला दरबन्दीको व्यवस्था गर्नुपर्ने, चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, ऐन तथा नियमावलीमा परिवर्तन गर्नु पर्ने, शिक्षक र महिला शिक्षक कोटा बराबर हुनुपर्ने, खाली दरबन्दीमा महिलालाई नियुक्ति गर्नुपर्ने, शैक्षिक दायित्वको बोध बढी गराउनु पर्ने, आफ्नो

अधिकारप्रति विशेष चासो राख्नुपर्ने, तालिममा बढी सहभागी गराउनुपर्ने,अध्यापन अनुमतिपत्रलाई नियमति गराउनु पर्ने, योग्यता र चेतनाको विकास गर्नुपर्ने, वास्तविक मागप्रति आन्दोलनरत शिक्षकहरूको भनाई सुनुवाइ गरी लागू गर्नु पर्ने जस्ता उचित कदम चाल्नु पर्ने देखिन्छ ।

नेपाल अधिराज्यको संविधान, (२०४७) ले महिला सहभागिता बढाउनको लागि राज्यले महिलाको शिक्षा, स्वास्थ्य र रोगव्याधीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अध्यावधिक सहभागिता बढाउने नीति अवलम्बन गर्ने धारा २६ को उपधारा ७ मा उल्लेखित छ । राज्यले धर्म, लिङ्ग,वर्ण, जाातिर वैचारिक अवस्थामा कुनै भेदभाव नगर्ने कुरा उल्लेख छ । राज्यले अनाथ, महिला, बालबालिका, अपाङ्ग, अशक्तको लागि संरक्षण र उन्नति गराउन शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गरिने धारा २६ को उपधारा ९ उल्लेख हुनुले महिला तथा पिछडिएको उत्थानमा पनि यो संविधान अगाडि बढेको देखिन्छ ।

उच्चस्तरीय राष्टिय शिक्षा आयोग, (२०५५) ले शिक्षाक्षेत्रमा सुधार गर्नको लागि महिला शिक्षकलाई प्राथमिकता दिने, निरन्तरता दिने, शिक्षाको व्यापक प्रचार प्रसार गर्ने, औपचारिक शिक्षा सुविधा, विशेष शिक्षाको व्यवस्था, आर्थिक प्रबन्ध, छात्रवृत्ति, महिलासँग सम्बद्ध क्षेत्रमा विशेष अनुसन्धान गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ ।

उल्लेखित वर्तमान शिक्षा प्रणालीमा रहेको लैङ्गिक समस्याले गर्दा महिला शिक्षकको सहभागिता न्यून हुनुले शिक्षाको गुणस्तरमा पनि कमी भएको पाइन्छ । त्यसैले यसका लागि विभिन्न समस्या र समाधानको उपायलाई कायान्वयन गरी सफल हुन सकेमा महिला शिक्षकको सहभागिता बढ्नाका साथै मा. वि. तहको समग्र शैक्षिक क्षेत्रमा नै सुधार हुने विश्वास गरिन्छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१ प्राप्ति

यस अध्ययन क्षेत्रमा अध्ययन र अनुसन्धानबाट प्राप्त भएको तथ्यलाई विश्लेषण गरी उद्देश्यका आधारमा विभाजन गरिएको छ ।

माध्यमिक तहमा महिला शिक्षकको अवस्थाको वारेमा अध्ययनगर्दा अध्ययन क्षेत्रमा पुरूष शिक्षकको तुलनामा महिला शिक्षकको सङख्या न्यून (७.६%) रहेको पाइयो अध्ययन क्षेत्रमा रहेका महिला शिक्षकहरू अस्थाई मात्र रहेको पाइयो तालिम प्राप्त महिला शिक्षक वढी पाइयो महिला शिक्षक र विद्यालय अनुपात जिल्लामा भन्दा अध्ययन क्षेत्रमा वढी पाइयो । वि.व्य.स.मा महिला सहभागिता न्यून रहेको पाइयो ।

प्रभावकारी शिक्षणमा महिला शिक्षकको अवस्थाको वारेमा अध्ययन गर्दा उनीहरूको प्रभावकारी शिक्षणमा अध्ययन क्षेत्रमा छात्राको भर्नादर वढ्दो अवस्थामा र तुलनात्मक रुपमा वढी पाइयो । विचैमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने अवस्था घट्दो अवस्थामा पाइयो । बसाई सरेर आउने छात्रा संङख्या वढी घट्दो अवस्थामा रहेको पाइयो । महिला शिक्षकले विषयगत शिक्षण गरेको वढी पाइयो वढी महिला शिक्षकले पाठ्यपुस्तक र अन्य शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गरेको पाइयो । धेरै महिला शिक्षकले गृहकार्य दिने गरेको पाइयो । महिला शिक्षकको अनुपस्थित रहदा वढी छात्राहरूलाई नरमाइलो हुने गरेको पाइयो ।

महिला शिक्षकको माध्यमिक तहमा सहभागिता सम्वन्धि समस्याहरूमा योग्यताको कमि हुनु, प्रतिष्पर्धामा कमजोर हुनु, लैङिगक विवेध हुनु, घर अपायक जान नचाहनु कम अनुभव हुनु, माथिल्लो निकायबाट प्रभावकारी व्यवस्थापन नहुनु, छुट्टै महिला तालिम तथा दरवन्दीको व्यवस्था नहुनु स्वयं सचेत नहुनु, घरायसी व्यवहारमा वढी जोड दिनु, असक्षम प्रशासन हुनु आदि जस्ता पाइयो ।

माध्यमिक तहमा महिला शिक्षकको सहभागिता सम्वन्धि समस्या समाधानका उपायहरू, छुट्टै महिला दरवन्दीको व्यवस्था हुनुपर्ने पुरूष र महिला शिक्षक कोटा वरावर हुनुपर्ने, खाली दरवन्दीमा महिलालाई नियुक्ति गर्नुपर्ने कम्तिमा माध्यमिक तहमा ३ जना महिला शिक्षक अनिवार्य हुनुपर्ने ऐन नियमावली परिवर्तन गरी महिला शिक्षक सहभागिता वढाउनुपर्ने, प्रशासनीक जिम्मेवारी दिनु पर्ने, शैक्षिक दायित्वको वोध गराउनु पर्ने, अनुगमन र निरीक्षण गर्नुपर्ने, घरपायक व्यवस्था मिलाउने, तालिममा वढी सहभागी वढाउनु पर्ने जस्ता सुझावहरू पाइयो ।

## ५.२ निष्कर्ष

ताप्लेजुङ्ग जिल्लाको माध्यमिक तहमा महिला शिक्षकको सहभागिता सम्बन्धी अध्ययन तथा अनुसन्धानबाट प्राप्त भएका कुराहरुमा शैक्षिक विकास गर्नका लागि महिला र पुरुषको समान सहभागिता भएमा शैक्षिक विकास तीव्र गतिमा अगाडि बढ्ने देखिन्छ । अध्ययनक्षेत्रको विद्यालय क्षेत्रलाई अध्ययन गर्दा लैङ्गिक असमानता रहेको छ । त्यसैले महिलाको सहभागिता कमजोर रहको छ । सरकारले सबै महिला शिक्षकको सुरक्षा दिँदै सङ्ख्यात्मक सहभागिता भन्दा गुणात्मक सहभागितालाई जोड दिँदै अगाडि बढ्नु पर्ने देखिन्छ ।

प्लेटोले आदर्श राज्य निर्माण गर्नका लागि जति पुरुषलाई सहभागिता गरिन्छ, त्यति नै महिलालाई पनि हरेक क्षेत्रमा सहभागिता वृद्धि गर्ने सकेमा आदर्श राज्य निर्माण गर्न सकिन्छ भन्ने कुरा बताएका छन् । यस सिद्धान्तबाट पनि महिलाको सहभागितालाई वृद्धि गरी समान सहभागिता गराउन आवश्यक देखिन्छ । यसका लागि महिलालाई चेतनाको विकास गराउनु पर्दछ । समाजमा रहेका लैङ्गिक असमानता, सामाजिक संस्कारका नराम्रा प्रथा आदिजस्ता कुराहलाई जरैदेखि उखेलेर फ्याँक्ने प्रयास गरी समतामूलक समाजको निर्माणमा जोड दिनु उपयुक्त देखिन्छ । महिला शिक्षकको सहभागिता वृद्धि गर्दै लैजाँदा समाजमा छोरीलाई विद्यालय पठाउनु पर्छ, उनीहरुले पनि छोराजस्तै समान कार्यहरु गर्न सक्छन् भन्ने अभिभावकमा चेतनाको विकास भएको छ ।

अध्ययन क्षेत्रमा महिला शिक्षकले माध्यमिक तहमा शिक्षण गर्दा विशेष गरी शिक्षण कार्यलाई मात्र बढी महत्व दिई अगाडि बढेको छ । अतिरिक्त क्रियाकलाप र अन्य पक्षमा त्यति चासो

लिएको देखिँदैन । त्यसैले शिक्षण र अतिरिक्त क्रियाकलापलाई सँगसँगै लिएर अगाडि बढे सफलता हासिल गर्न सकिन्छ भन्ने जस्ता कुराहरु यस अध्ययनबाट निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.३ सुझाव

यस अध्ययनबाट प्राप्त उपलब्धि तथा प्राप्तिका आधारमा अध्ययनको उद्देश्य अनुसारका समस्याहरुका समाधानका लागि निम्नानुसारका सुझाव प्रस्तुत गरिएको छ ।

**केन्द्रिय (नीति निर्माण) तहका लागि**

(क) शिक्षा सम्बन्धी स्पष्ट नीति बन्नुपर्छ । शैक्षिक गुणस्तरको अभिवृद्धिका लागि बाधक बन्ने ऐन नियमहरु तुरुन्तै परिवर्तन गर्नु पर्छ ।

(ख) गुणात्मक रुपमा महिला शिक्षकको सहभागिता विकास गरी सबै महिला शिक्षकको सेवा, सुरक्षा तथा सुविधाको सुनिश्चित गर्नु पर्छ ।

(ग) माध्यमिक तहमा महिला शिक्षकको आरक्षण सम्बन्धी व्यवस्था गरी त्यसलाई व्यवहारिकरण गर्नुपर्छ ।

(घ) विद्यालयको समग्र विकास प्रधानाध्यापकमा निहित हुनाले परिणाममुखी र योग्यताप्राप्त व्यक्तिलाई प्रधानाध्यापकमा नियुक्ति गर्नु पर्ने त्यसमा पनि प्राथमिकताका आधारमा महिला शिक्षकलाई बढी जोड दिनु पर्नेछ ।

**जिल्ला (कार्यान्वयन) तहका लागि**

(क) निरीक्षण व्यवस्थार्लाइ नियमति गरी प्राप्त सूचनाका आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्नु पर्छ ।

(ख) प्रभावकारी सिकाईका लागि व्यवस्था गरी सिकेको सीपको पालना गरी त्यस सम्बन्धी निरीक्षण र अनुगमनको बारम्बार अनुगमन गर्नु पर्ने देखिन्छ ।

(ग) सामुदायिक विद्यालयको माध्यमिक तहको विद्यमान अवस्थालाई सुधार गर्नका लागि स्रोतकेन्द्र, जिल्ला तहमा र विद्यालय व्यवस्थापन समिति पदाधिकारी यी सबै तहका मानव संसाधनको उचित व्यवस्थापन गरी तालिम र गोष्ठी सञ्चालन गर्नुपर्छ ।

**स्थानीय (विद्यालय) तहका लागि**

(क) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुमा बढी महिलालाई प्राथमिकता दिई नियुक्ति दिइनुपर्छ ।

(ख) अध्ययन र तालिमबाट आफ्नो क्षमताको विकास गरी त्यसको उपयोग विद्यालयमा गर्नुपर्छ ।

(ग) बालबालिकाको प्रभावकारी शिक्षणका लागि बालमैत्रीपूर्ण वातावरण निर्माण गर्न आवश्यक देखिएकाले सो अनुकूल व्यवस्था गरी बढी तालिमप्राप्त महिला शिक्षकको व्यस्था गर्नुपर्छ

(घ) शिक्षकको कक्षा शिक्षणलाई समय अनुकूल सुधार गर्दै विद्यालयमा नियमित उपस्थिति, शिक्षण कार्य, शिक्षणका लागि प्रदान गरिएको समय, विद्यालयको प्रशासनिक व्यवस्था, विद्यालय निरीक्षण प्रणाली र विद्यार्थीको अनुशासन जस्ता पक्षहरुमा सबैले ध्यान पुऱ्याउनु पर्छ ।

(ङ) शिक्षकले आफ्नो जिम्मेवारी बुझी विद्यालय व्यवस्थापन समिति, विद्यालय परिवार र समुदायसँग सुमधुर सम्बन्ध राख्नुपर्छ ।

## सन्दर्भग्रन्थ


अधिकारी, वलराम (२०६०), **प्राथमिक शिक्षाका सैद्धान्तिक आधार**, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

अधिकारी, यशोदा र ओझा, सीता (२०६१), **पाल्पा जिल्लाको विद्यालय उमेरका बालबालिकाले विद्यालय छोड्ने कारण काठमाण्डौः महिला शिक्षक कुञ्ज**, वर्ष -७, अंक -६ महिला परियोजना ।

आचार्य, अम्विकाप्रसाद (२०५५), **नेपालको शैक्षिक सामान्यज्ञान** काठमाण्डौ : पैरवी वुक्स एण्ड स्टेशनरी, पुतलीसडक ।

आचार्य, दयाराम (२०६०) **प्राथमिक तहमा छात्राहरूले विचैमा विद्यालय छोड्नको कारण** सुर्खेतः शिक्षा शास्त्र संकाय, सुर्खेत वहुमुखी क्याम्पस ।

उपाध्याय, जागेश्वर (२०६२), **माध्यमिक तहको विद्यालय शिक्षामा छात्रा सहभागिता** सुर्खेतः शिक्षा शास्त्र संकाय सुर्खेत वहुमुखी क्याम्पस ।

ओझा, सीता (२०६१), **शिक्षण पेशामा महिलाहरूको सहभागिता** काठमाण्डौः महिला शिक्षक कुञ्ज, वर्ष ७, अंक ६, नेपाल शिक्षक संघ/संगठन संयुक्त महिला परियोजना ।

काफ्ले, वासुदेव (२०६१), **शैक्षिक योजना**, काठमान्डौः भूडीपूराण प्रकाशन ।

काफ्ले र साथीहरू (२०६५), **शिक्षामा सामाजिक न्याय**, काठमाण्डौः सनसाइन पव्लिकेशन, कीर्तिपूर ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रवहादुर (२०६५), **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार** काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार भोटाइटी ।

**दशौं योजना** (२०६०), काठमाण्डौः राष्ट्रिय योजना आयोग ।

**नवौं योजना** (२०५९), काठमाण्डौः राष्ट्रिय योजना आयोग ।

**निजामती सेवा** (२०५९), काठमाण्डौः कानुन किताव व्यवस्थापन समिति ।

**नेपालको अन्तरिम संविधान** (२०६३) काठमाण्डौः कानुन किताव व्यवस्थापन समिति ।

पौडेल, तुलसीराम (२०५९), **लैङिगक अध्ययनको रुपरेखा** काठमाण्डौ : निमा पुस्तक भण्डार भोटाहिटी ।

बराल, देवकुमार (२०६०), **विद्यालय निरीक्षण दिगदर्शन** : मकालु वुक्स एण्ड स्टेशनरी, पुतलीसडक ।

वस्नेत, सरस्वती (२०६२) **महिला शिक्षकको सहभागिता र शिक्षण सिकाइमा प्रभाव** सुर्खेत : शिक्षा शास्त्र संकाय, सुर्खेत वहुमुखी क्याम्पस ।

रेग्मी, संगीता (२०६१), **नेपालमा महिलाको स्थिति** काठमाण्डौ : महिला शिक्षा वार्षिक प्रकाशन अनौपचारिक शिक्षाकेन्द्र शिक्षा विभाग ।

**लैङिगक समविकासका लागि वालिका शिक्षाको रणनीति, कार्यान्वयन तथा योजना** (२०६३), काठमाण्डौ : शिक्षा विभाग, शिक्षा तथा खेलकुद मनत्रालय ।

शर्मा, गोपिनाथ (२०६०), **नेपालमा शिक्षा आयोगको प्रतिवेदन** काठमाण्डौ : मकालु वुक्स एण्ड स्टेसनरी, पुतलीसडक ।

शर्मा, चिरञ्जीवी र निर्मला (२०६४), **शैक्षिक योजना**, काठमाण्डौ : एम के पव्लीकेशन एण्ड डिष्ट्रीव्युटर्स भोटाइटी ।

शर्मा, वदरीनाथ (२०६३), **प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपातले शैक्षिक उपलव्दीमा पारेको प्रभाव**, काठमाण्डौ : त्रि.वि. महेन्द्ररत्न क्याम्पस, शिक्षा विभाग ।

**शैक्षिक झलक** (२०६६), ताप्लेजुङ्ग वर्ष ३ वार्षिक अंक जिल्ला शिक्षा कार्यलय ।

सापकोटा, चक्रमणी (२०६०), **महिलाको शैक्षिक अवस्था सुर्खेत** : शिक्षा शास्त्र संकायः सुर्खेत वहुमुखी क्यामपस ।

# माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूचि - I

## अध्ययन क्षेत्रमा भर्ना अवस्था - २०६४

| क्र.स. | विवरण | कक्षा ९ | | कक्षा १० | | कुल जम्मा | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | ३४ | ३६ | ४० | २३ | ७४ | ५९ | १३३ | ५६ | ४५ |
| २ | नारायणी उ.मा.वि. साँघू | ४७ | २५ | ३७ | २३ | ८४ | ४८ | १३२ | ६३ | ३७ |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | २३ | १५ | ३२ | १३ | ५५ | २८ | ८३ | ७७ | ३४ |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | ३४ | ३२ | ४६ | ३५ | ८० | ६७ | १४७ | ५४ | ४६ |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | १८ | २३ | २१ | १३ | ३९ | ३६ | ७५ | ५२ | ४८ |
| | जम्मा | १५६ | १३१ | १७६ | १०७ | ३३२ | २३८ | ५७० | ५८ | ४२ |

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूचि -II

### अध्ययन क्षेत्रमा भर्ना अवस्था - २०६५

| क्र. स. | विवरण | कक्षा ९ | | कक्षा १० | | कुल जम्मा | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | ३२ | ३८ | २४ | ३९ | ५६ | ७७ | १३३ | ४२ | ५८ |
| २ | नारायणी उ.मा.वि. साँघू | २४ | ३५ | १९ | ३० | ४३ | ६५ | १०८ | ४० | ६० |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | २० | १५ | १८ | २० | ३८ | ३५ | ७३ | ५२ | ४८ |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | ३० | १२ | ४१ | ४६ | ७१ | ५८ | १२९ | ५५ | ४५ |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | १३ | १५ | १३ | १९ | २६ | ३४ | ६० | ४३ | ५७ |
| | जम्मा | ११९ | ११५ | ११५ | ११५ | २३४ | २६९ | ५०३ | ४७ | ५३ |

# माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूचि -III

## अध्ययन क्षेत्रमा भर्ना अवस्था - २०६६

| क्र. स. | विवरण | कक्षा ९ | | कक्षा १० | | कुल जम्मा | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | ३० | २४ | २५ | २८ | ४५ | ५२ | ९७ | ४६ | ५४ |
| २ | नारायणी उ.मा.वि. साँघू | १५ | २० | २९ | ३८ | ४४ | ५८ | १०२ | ४३ | ५७ |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | १४ | १८ | २० | १८ | ३४ | ३६ | ७० | ४९ | ५१ |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | २९ | २१ | १९ | ११ | ४८ | ३२ | ८० | ६० | ४० |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | २३ | १७ | १८ | १२ | ४१ | २९ | ७० | ५९ | ४१ |
| | जम्मा | १०१ | १०० | १११ | १०७ | २०२ | २०७ | ४१९ | ५१ | ४९ |

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूचि -IV

### कक्षा दोहोऱ्याउने छात्र/छात्राको अवस्था - २०६४

| क्र. स. | विवरण | कक्षा ९ | | कक्षा १० | | कुल जम्मा | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | १ | २ | ० | ० | १ | २ | ३ | ३३ | ६७ |
| २ | नारायणी उ.मा.वि. साँघू | २ | ५ | १ | १ | ३ | ६ | ९ | ३३ | ६७ |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | ० | ० | १ | ० | १ | ० | १ | ० | ६७ |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | ० | ० | १ | ५ | १ | ५ | ६ | १७ | १०० |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | ३ | १ | ४ | ३ | ७ | ४ | ११ | ६४ | ३६ |
| | जम्मा | ६ | ८ | ७ | ९ | १३ | १७ | ३० | ४३ | ५७ |

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूचि -V

### कक्षा दोहोऱ्याउने छात्र/छात्राको अवस्था - २०६५

| क्र. स. | विवरण | कक्षा ९ | | कक्षा १० | | कुल जम्मा | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | ५ | ४ | ० | ० | ५ | ४ | ९ | ५६ | ४४ |
| २ | नारायणी उ.मा.वि. साँघू | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | १ | ० | ० | ० | १ | ० | १ | १०० | ० |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | ४ | ८ | ० | ० | ४ | ८ | १२ | ३७ | ६७ |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | १० | १२ | ० | ० | १० | १२ | २२ | ४६ | ५४ |

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूचि -VI

### कक्षा दोहोऱ्याउने छात्र/छात्राको अवस्था - २०६६

| क्र. स. | विवरण | कक्षा ९ | | कक्षा १० | | कुल जम्मा | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | नारायणी उ.मा.वि. साँघू | १ | १ | ० | ० | १ | १ | २ | ५० | ५० |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | २ | १ | ० | ० | २ | १ | ३ | ६७ | ३३ |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | १ | ३ | ० | ० | १ | ३ | ४ | २५ | ७५ |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | १ | २ | ० | ० | १ | २ | ३ | ३३ | ६७ |
| | जम्मा | ५ | ७ | ० | ० | ५ | ७ | १२ | ४२ | ५८ |

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूचि -VII

**बीचैमा कक्षा छोड्ने छात्र/छात्राको विवरण - २०६४**

| क्र. स. | विवरण | कक्षा ९ | | कक्षा १० | | कुल जम्मा | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | ३ | ० | ० | ० | ३ | ० | ३ | १०० | ० |
| २ | नारायणी उ.मा.वि. साँघू | २ | १ | २ | ० | ४ | १ | ५ | ८० | २० |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | ० | ० | २ | ४ | २ | ४ | ६ | ३३ | ६७ |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | ० | ० | १ | १ | १ | १ | २ | ५० | ५० |
| | जम्मा | ५ | १ | ५ | ५ | १० | ६ | १६ | ६३ | ३७ |

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूचि -VIII

### बीचैमा कक्षा छोड्ने छात्र/छात्राको विवरण - २०६५

| क्र. स. | विवरण | कक्षा ९ | | कक्षा १० | | कुल जम्मा | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | ६ | ३ | ० | ० | ६ | ३ | ९ | ६७ | ३३ |
| २ | नारायणी उ.मा.वि. साँघू | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | १ | ० | ० | ० | १ | ० | १ | ० | १०० |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ६ | ३ | ० | ० | ७ | ३ | १० | ७० | ३० |

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूचि -IX

### बीचैमा कक्षा छोड्ने छात्र/छात्राको विवरण - २०६६

| क्र.स. | विवरण | कक्षा ९ | | कक्षा १० | | कुल जम्मा | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | १ | २ | १ | १ | २ | ३ | ५ | ४० | ६० |
| २ | नारायणी उ.मा.वि. साँघू | १ | १ | ० | ३ | १ | ४ | ५ | ८० | २० |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | ० | १ | १ | ० | १ | १ | २ | ५० | ५० |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | १ | १ | ० | २ | १ | ३ | ४ | २५ | ७५ |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | ० | १ | २ | १ | २ | २ | ४ | ५० | ५० |
| | जम्मा | ३ | ६ | ४ | ७ | ७ | १३ | २० | ३५ | ६५ |

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूचि -X

**छात्र/छात्राको वसाईसराई भएर आउनेको अवस्था - २०६४**

| क्र. स. | विवरण | कक्षा ९ | | कक्षा १० | | कुल जम्मा | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | ३ | १ | ० | ० | ३ | १ | ४ | ७५ | २५ |
| २ | नारायणी उ.मा.वि. साँघू | ३ | २ | ५ | ० | ८ | २ | १० | ८० | २० |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | ० | ० | ३ | ३ | ३ | ३ | ६ | ५० | ५० |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | ४ | ३ | ४ | ० | ८ | ३ | ११ | ७३ | २७ |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | १ | १ | १ | ३ | २ | २ | ४ | ५० | ५० |
| | जम्मा | ११ | ७ | १३ | ६ | २४ | ११ | ३५ | ६९ | ३१ |

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूचि -XI

**छात्र/छात्राको वसाईसराई भएर आउनेको अवस्था - २०६५**

| क्र. स. | विवरण | कक्षा ९ | | कक्षा १० | | कुल जम्मा | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | २ | ० | ५ | ० | ७ | ० | ७ | १०० | ० |
| २ | नारायणी उ.मा.वि. साँघू | ५ | ३ | ९ | ७ | १४ | १० | २४ | ५८ | ४२ |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | ५ | ० | ० | ० | ५ | ० | ५ | १०० | ० |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | ० | ० | ७ | ८ | ७ | ८ | १५ | ४७ | ५३ |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | २ | ० | ० | ० | २ | ० | २ | १०० | ० |
| | जम्मा | १४ | ३ | २१ | १५ | ३५ | १८ | ५३ | ४६ | ३४ |

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूचि -XII

### छात्र/छात्राको वसाईसराई भएर आउनेको अवस्था - २०६५

| क्र. स. | विवरण | कक्षा ९ | | कक्षा १० | | कुल जम्मा | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | मैवाखोला उ.मा.वि. तेम्वे | २ | ३ | ० | ० | २ | ३ | ५ | ४० | ६० |
| २ | नारायणी उ.मा.वि. साँघू | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | जनकल्याण मा.वि. तेल्लाबुङ | २ | १ | ० | ० | २ | १ | ३ | ६७ | ३३ |
| ४ | मोती उ.मा.वि. खोक्लिङ्ग | ० | ० | ३ | ० | ३ | ० | ३ | १०० | ० |
| ५ | लक्ष्मी मा.वि. लिङतेप | ० | ० | १ | ० | १ | ० | १ | १०० | ० |
| | जम्मा | ४ | ४ | ४ | ० | ८ | ४ | १३ | ६७ | ३३ |

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूची -XIII

### विद्यार्थीहरुको लागि प्रश्नावली

नाम : कक्षा :

विद्यार्थीको नाम : उमेरः

१. तपाईको विद्यालमा कतिजना महिला शिक्षकहरु हुनुहुन्छ ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) ४ जना

२, महिला शिक्षक कक्षाकोठामा पढाउन कतिको आउनुहुन्छ ?

(क) कहिलेकाँही (ख) दैनिक एक विषय (ग) दिनको २ विषय (घ) तिन विषय माथि

३, पढाउन वाहेक अतिरिक्त क्रियाकलापमा वढी कसको भूमिका छ ?

(क) शिक्षक (ख) महिला शिक्षक (ग) अन्य

४, कसले पढाएको राम्रो वुझिन्छ ?

(क) पुरुष शिक्षक (ख) महिला शिक्षक

५, महिला शिक्षकले कोठामा पढाउने क्रममा वढी सहभागिताको मौका कसलाई दिने गर्नु हुन्छ?

(क) केटीलाई (ख) केटालाई (ग) दुवैलाई

६, कसले माया वढी गर्नुहुन्छ ?

(क) शिक्षक (ख) महिला शिक्षक (ग) दुवैले

७, महिला शिक्षकले कसरी पढाउनु हुन्छ ?

(क) किताव पढेर (ख) किताव र अन्य वस्तुको प्रयोग गरी (ग) सामग्री मात्र प्रयोग गरी

८, महिला शिक्षकले गृहकार्य कतिको दिनुहुन्छ ?

(क) सधै (ख) कहिलेकाँही (ग) कहिल्यै छैन

९, तपाइले नवुझेको समस्यालाई समाधान कसले वढी गर्नुहुन्छ ?

महिला शिक्षकले (ख) शिक्षकले (ग) प्र.अ.ले (घ) सवैले

१०, महिला शिक्षकको सहभागिता न्यून भएमा वढाउनका लागि कसले भूमिका खेल्नु पर्दछ ?

(क) प्र.अ.ले अभिभावकले (ग) सरकारले (घ) सवैले

११, महिला शिक्षक हुदा र नहुदा कस्तो अनुभव गर्नु भएको छ ?

..........................................................................................

१२, शिक्षक र महिला शिक्षकमा वढी कसले पढाउनुहोस भन्ने चाहना साख्नुहुन्छ ?

..........................................................................................

**धन्यवाद ।** ......................

उत्तरदाताको सही

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूची -XIV

### वि. नि./जि. शि. अ. को लागि प्रश्नावली

नाम : योग्यता :

पद : अनुभव :

१. ताप्लेजुङ जिल्लामा मा. वि. तहमा शिक्षक र महिला शिक्षकको संख्या कति कति छ ?

२, माध्यमिक तहमा महिला कति जना प्र.अ.मा समावेश भएको छ ?

उत्तर ..........................................................................................

३, लैङिगक समानताको नाराको आधारमा महिला शिक्षकलाई प्रोत्साहन गर्ने के के कार्यक्रम गर्नुभएको छ ?

(क) महिला शिक्षकलाई वढी नियुक्ति गर्ने (ख) महिला शिक्षकलाई तालिम दिने

(ग) सामुदायिक चेतनामुलक कार्यक्रकका लागि सहभागि गराउने (घ) सवै (ङ) अन्य

४, महिलालाई विद्यालयको जिम्मेवारी पदमा समावेश गराउन कसरी प्राथमिकता दिने गर्नुभएको छ ?

(क) योग्यताका आधारमा (ख) लैङिगक समानताको आधारमा

(ग) कार्यक्रमका आधारमा (घ) अनुभवको आधारमा (ङ) अन्य

५, शिक्षकमात्र भएको र शिक्षक, महिला शिक्षक दुवै भएको विद्यालयमा शिक्षणमा कस्तो भिन्नता पाउनु भएको छ ?

(क) महिला शिक्षकले शिक्षण राम्रो (ख) महिला शिक्षकले शिक्षण भन्दा व्यहारिक समस्यालाई वढी चर्चा गरेको (ग) उस्ता उस्तै (घ) खासै फरक नभएको

(ङ) अन्य

### विषयगत प्रश्नहरू

६, महिला शिक्षकको वर्तमान अवस्थाप्रति तपाइको दृष्टिकोण कस्तो रहेको छ ?

उत्तर ..........................................................................................

७, महिला शिक्षकको सहभागिता वढाउने नयाँ कार्यक्रमहरू के के रहेको छन् ?

उत्तर ..........................................................................................

८, महिला शिक्षकको सहभागिता वढाउन देखिएका समस्याहरू के के रहेका छन् ?

उत्तर ..........................................................................................

**धन्यवाद** ......................

उत्तरदाताको सही

# माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूची -XV

## वि. व्य. स. अध्यक्षकका लागि प्रश्नावली

नाम : योग्यता :

विद्यालयको नाम : अनुभव :

१. वि. व्य. स. मा. महिला सहभागिता कतिजना रहनुभएको छ ?

(क) १ जना (ख) २जना (ग) ३ भन्दा माथि (घ) छैन

२, वि.व्य.स. मा महिला शिक्षकको सहभागिता छ ?

(क) छ (ख) छैन

३, वि.व्य.स. को प्रत्येक वैठकमा महिलाको उपस्थिति कस्तो हुन्छ ?

(क) सधै हुन्छन् (ख) कहिलेकाही (ग) प्रायः (घ) कहिल्यै नहुने

४, वि.व्य.स. वैठकमा महिला शिक्षकको निर्णय सक्रियता कस्तो छ ?

(क) सहभागितामात्र (ख) सहभागिता नभएको (ग) सामान्य सकृयता (घ) पूरै सकृयता (ङ) अन्य

५, तपाइको विद्यालयमा महिला शिक्षकको भूमिका कस्तो पाउनुभएको छ ?

(क) सकारात्मक (ख) खासै राम्रो नभएको (ग) व्यवहारीकमा व्यस्त (घ) उदारणीय भएको

६, महिला शिक्षा सहभागिता सकारात्मक भएको कुन कुन पक्षमा फाइदा पुगेको देखिन्छ ?

(क) विद्यार्थी नियमितता (ख) वढी भर्नादर (ग)अभिभावकको चेतना विकास (घ) अन्य

७, महिला शिक्षकको सहभागिताले शिक्षणमा कस्तो प्रभाव पारेको छ ?

(क) सकारात्मक (ख) नकारात्मक (ग) अनतकरणीय (घ) अन्य

८, विद्यालयमा महिला शिक्षक न्यून हुनुमा प्रमुख कारण के देख्नुहुन्छ ?

(क) अशिक्षा (ख) न्यून सक्रियता (ग) चेतनाको कमि (घ) चाहना नहुनु

९, महिला शिक्षकको सहभागिता वढाउन के के गर्नुपर्छ ?

(क) नियुक्तिमा प्राथमिकता दिने (ख) न्यून सक्रियता (ग) चेतना जगाउने (ङ) अन्य

### विषयगत प्रश्नहरू

१०, महिला शिक्षकको सहभागिता वृद्धि गर्न देखिएका समस्याहरू के के हुन ?

उत्तर ..........................................................

११, महिला शिक्षकको सहभागिता वृद्धि गर्न के के गर्नु पर्छ ?

उत्तर ........................................................................

**धन्यवाद**

.....................

उत्तरदाताको सही

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूची -XVI

### महिला शिक्षकका लागि प्रश्नावली

नाम : योग्यता :

विद्यालयको नाम : अनुभव :

### वस्तुगत प्रश्नहरु

१. तपाईको विद्यालयमा कतिजना महिला शिक्षक रहनुभएको छ ?
(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) छैन ।

२, तपाइले माध्यमिक शिक्षक तालिम लिनुभएको छ ?
(क) छ (ख) छैन

३, तालिम लिनुभएको भए कुन कुन लिनु भएको छ ?
(क) पहिलो प्याकेज (ख) दोस्रो प्याकेज (ग) अन्तिम प्याकेज (घ) अन्य

४, तपाई कक्षामा कसरी पढाउनु हुन्छ ?
(क) कक्षा शिक्षणबाट (ख) विषय शिक्षणबाट (ग) वहु कक्षा शिक्षणबाट

५, कक्षामा विद्यार्थीले पढाईप्रति कस्तो रुचि लिन्छन् ?
(क) राम्रो (ख) ठीकै (ग) लिदैनन् (घ) अन्य

६, कक्षामा पढाउन विशेषगरी कुन विधिबाट पढाउनुहुन्छ ?
(क) शिक्षण केन्द्रित विधि (ख) विद्यार्थी केन्द्रित विधि (ग) प्रतिक्रिया विधि

७, तपाईको विद्यालयमा प्र.अ.ले तपाई तथा अन्य शिक्षकसँग गर्ने समान व्यवहार कस्तो छ ?
(क) अति राम्रो (ख) राम्रो (ग) सामान्य नराम्रो

८, व्यवहार सामान्य भएका सुमधुर वनाउन के गर्नु पर्छ ?
(क) प्रभावकारी सञ्चालन (ख) सक्षम प्रशासक (ग) महिला सहभागिता (घ) सवै

९, प्र.अ. ले दिएको जिम्मेवारी र अधिकार प्रति कस्तो धारणा राख्नु भएको छ ?
(क) सामान्य (ख) अतिसन्तुष्ट (ग) सन्तुष्ट (घ) असन्तुष्ट

### विषयगत प्रश्नहरू

१०, वर्तमान नेपालको शिक्षा व्यवस्थामा महिलाको अवस्था वारेमा तपाईलाई कस्तो लाग्दछ ?
उत्तर ...................................................................

११, महिला शिक्षकको सहभागिता वृद्धि गर्न देखिएको समस्या के के रहेको छ ?
उत्तर ...................................................................

१२, महिला शिक्षकको सहभागिता वृद्धि गर्नका लागि के गर्नु पर्दछ ?
उत्तर ..................................................................

**धन्यवाद**

.....................

उत्तरदाताको सही

## माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता

अनुसूची -XVII

### विद्यालयको प्रधानाध्यापकको लागि प्रश्नावली

नाम : योग्यता :

विद्यालयको नाम : अनुभवः

**वस्तुगत प्रश्नहरु**

१. तपाईको विद्यालयमा महिला शिक्षक कतिजना हुनुहुन्छ ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) ३ भन्दा माथि

२, विद्यालयको महत्वपूर्ण जिम्मेवारी सवैभन्दा वढी कसलाई दिनुहुन्छ ?

(क) शिक्षकलाई (ख) महिला शिक्षकलाई (ग) दुवैलाई (घ) अन्य

३, वालवालिकाको प्रभावकारी शिक्षणमा कसको भूमिका वढी हुन्छ ?

(क) शिक्षक (ख) महिला शिक्षक (ग) दुवै (घ) अन्य

४, प्रभावकारी शिक्षणमा महिला शिक्षक भए कारक तत्व के लाई पाउनु हुन्छ ?

(क) न्यून व्यवहार (ख) कडा अनुशासन (ग) पुरस्कार (घ) सवै (ङ) अन्य

५, विद्यालयमा महिला शिक्षक सहभागिताको शिक्षामा कस्तो प्रभाव पर्दछ ?

(क) छात्राको भर्ना वृद्धि (ख) अभिभावकको चेतनाको विकास (ग) छात्राको समस्या समाधान (घ) सवै (ङ) अन्य

६, विद्यालयमा शिक्षक नियुक्ति गर्दा कुन पक्षलाई प्राथमिकता दिनुहुन्छ ?

(क) योग्यतालाई (ख) अनुभवलाई (ग) महिलालाई (घ) सवैलाई (ङ) अन्य

७, विद्यालयमा न्यून महिला शिक्षकको स्थिति हुनुको कारक तत्व के लाई लिनु हुन्छ ?

(क) कम योग्यता (ख) चाहना नहुनु (ग) नेतृत्वमा कमि (घ) नीति नियममा कमजोरी (ङ) अन्य

८, महिला शिक्षकको सहभागिता वढाउन के गर्नु पर्छ ?

(क) नीति नियम वनाउनु (ख) लैङिगक समस्या मिलाउनु (ग) नारी चेतनाको विकास गराउनु (घ) सवै (ङ) अन्य

## विषयगत प्रश्नहरू

९, हाल महिला शिक्षकको स्थिति कस्तो रहेको छ ?

उत्तर ............................................................................

१०, महिला शिक्षक भएका र नभएका विद्यालयमा शिक्षण सिकाई क्रियाकलाप कस्तो फरक पाउनु भएको छ ?

उत्तर ..................................................................................

११, महिला शिक्षकको सहभागिता वृद्धिगर्न देखिएका समस्याहरू के के छन् ?

उत्तर ........................................................................................

१२, महिला शिक्षाकको सहभागिता वृद्धिगर्न के के गर्नु पर्दछ ?

उत्तर .........................................................................................

१३, अन्य सुझव भएमा ।

उत्तर ..........................................................................

**धन्यवाद**

.......................

उत्तरदाताको सही